# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## हल्दीबारी गाउँपालिका

झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## हल्दीबारी गाउँपालिका

झापा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## हल्दीबारी गाउँपालिका

झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(कोशी प्रदेश)**

पत्र संख्याः २०७९।८०
च.नं. १५२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
हल्दीबारी गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय,
झापा ।

१. **कैफियतसहितको राय -** हामीले हल्दीबारी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड २८ लाख ९० हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २३ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९१ लाख ३ हजार, नियमित गर्नुपर्ने रु १ करोड १४ लाख ६० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड ६३ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ६ करोड ९२ लाख ५७ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## हल्दीबारी गाउँपालिका, झापा

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०२ | ६३ | २२८९० | ० | ० | ० | १०२ | ६३ | २२८९० | २३२७ | ११४६० | ९१०३ | ० | ० | २०५६३ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रतिकृयाबाट फछ्यौंट नभएको | | | |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| हल्दीबारी गाउँपालिका झापा | ४६३६७ | ० | ० | ४६३६७ | ० | २२८९० | ६९२५७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : हल्दीबारी गाउँपालिका, झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुवास श्रेष्ठ | २०७९-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपक भट्टराई | २०७८-९-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २२,८९०,४१७.३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,४१,६६,५९५.४६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,२४,७७,७९०.८९ | **चालु खर्च** | २६,९९,७९,३२८.१९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०२,१८,४६४ | **पूँजीगत खर्च** | १७,१०,०४,२०५.७८ |
| **राजश्व बाँडफाँट** | ८,२६,८५,४६२.८५ | **वित्तीय/अन्य व्यवस्था** | ९८,३७,१११.१८ |
| **आन्तरिक आय** | १,७९,४९,८१३.३३ | | |
| **अन्य आय** | ९७,४२,१७५ | | |
| **कुल आय** | ४५,३०,७३,७०६.०७ | **कुल खर्च** | ४५,०८,२०,६४५.१५ |
| **बाँकी मौज्दात** | | ३,९९,८१,७८७.८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ११७.३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ५ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या २९ हजार २ सय २३ रहेको छ । | |
| २ | | | **लेखापरीक्षणका क्रममा असूली**<br><br>लेखापरीक्षणको क्रममा देहायबमोजिम रु. १०७९६२।- असुल भएको छ । | |
| ३ | | | **लेखापरीक्षण** | |

| क्रस | विवरण | रकम |
|---|---|---|
| १ | कार्यालयका कर्मचारीहरुको पारिश्रमिक आयकर,स्तर वृद्धिको थप तलब,पुरस्कारमा आकस्मिक लाभकर | १०७९६२ |
| | जम्मा | १०७९६२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आर्थिक विवरण<br><br>आर्थिक वर्ष २०७८।७९ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार गाउँपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th colspan="9">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="3">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राप्ती (क+ख) | | ४८,७२,४७,१५५.०६ | ४५,६६,३५,८३७.४९ | | ४५,६६,३५,८३७.४९ | ४३,६७,९७,३६६.२८ | | ४३,६७,९७,३६६.२८ | |
| | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७,६७,८६,०००.०० | ४४,६८,९३,६६२.४९ | ० | ४४,६८,९३,६६२.४९ | ४२,५७,८०,९०६.२८ | ० | ४२,५७,८०,९०६.२८ | |
| | | | ११००० कर | ११ | ९,८२,८२,४७०.०० | ९,३५,२३,२८८.८३ | ० | ९,३५,२३,२८८.८३ | ७,६७,४४,२३८.३२ | ० | ७,६७,४४,२३८.३२ | |
| | | | १३००० अनुदान | | ३७,३०,६७,०००.०० | ३४,२६,९६,२५४.८९ | ० | ३४,२६,९६,२५४.८९ | ३३,४७,४२,९६४.९७ | ० | ३३,४७,४२,९६४.९७ | |
| | | | संघीय सरकार | १२ | ३४,९४,४१,०००.०० | ३२,२४,७७,७९०.८९ | ० | ३२,२४,७७,७९०.८९ | ३१,७४,७५,४१६.९७ | ० | ३१,७४,७५,४१६.९७ | |
| | | | प्रदेश सरकार | १२ | २,३६,२६,०००.०० | २,०२,१८,४६४.०० | ० | २,०२,१८,४६४.०० | १,७२,६७,५४८.०० | ० | १,७२,६७,५४८.०० | |
| | | | १४००० अन्य राजस्व | | ५४,३६,५३०.०० | १,०६,७४,११८.७७ | ० | १,०६,७४,११८.७७ | १,४२,९३,७०२.९९ | ० | १,४२,९३,७०२.९९ | |
| | | | ख. अन्य प्राप्ति | | १,०४,६१,१५५.०६ | ९७,४२,१७५.०० | | ९७,४२,१७५.०० | १,१०,१६,४६०.०० | | १,१०,१६,४६०.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | १,०४,६१,१५५.०६ | २८,३२,१३५.०० | ० | २८,३२,१३५.०० | २९,४८,७७०.०० | ० | २९,४८,७७०.०० | |
| | | | धरौटी | | ० | ६९,१०,०४०.०० | ० | ६९,१०,०४०.०० | ८०,६७,६९०.०० | ० | ८०,६७,६९०.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५०,१०,७७,८५८.४३ | ४५,०८,२०,६४५.१५ | | ४५,०८,२०,६४५.१५ | ४२,२१,६६,३८१.८३ | | ४२,२१,६६,३८१.८३ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४९,०६,१६,७०३.३७ | ४४,०९,८३,५३३.९७ | | ४४,०९,८३,५३३.९७ | ४१,४४,२९,६९१.८३ | | ४१,४४,२९,६९१.८३ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ७,५४,६९,०००.०० | ७,०७,५०,८६९.३२ | ० | ७,०७,५०,८६९.३२ | १३,५०,१६,५५५.१६ | ० | १३,५०,१६,५५५.१६ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९,७६,३१,४०२.०० | १७,९७,८६,४४७.८७ | ० | १७,९७,८६,४४७.८७ | ९,०४,२२,२९७.१७ | ० | ९,०४,२२,२९७.१७ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ९७,३८,०००.०० | ८९,१८,५७७.०० | ० | ८९,१८,५७७.०० | २५,२९,०७५.०० | ० | २५,२९,०७५.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,११,५३,०००.०० | ७६,३२,६८१.०० | ० | ७६,३२,६८१.०० | ६३,९५,०००.०० | ० | ६३,९५,०००.०० | |
| | | | २८००० अन्य खर्च | १८ | ३०,०९,६६६.०० | २८,९०,७५३.०० | ० | २८,९०,७५३.०० | १५,३१,३६२.०० | ० | १५,३१,३६२.०० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,३६,१५,६३५.३७ | १७,१०,०४,२०५.७८ | ० | १७,१०,०४,२०५.७८ | १७,८५,३५,४०२.५० | ० | १७,८५,३५,४०२.५० | |
| | | | घ. अन्य भूक्तानी | | १,०४,६१,१५५.०६ | ९८,३७,१११.१८ | | ९८,३७,१११.१८ | ४२,२१,६६,३८१.८३ | | ४२,२१,६६,३८१.८३ | |
| | | | कोषहरु | | १,०४,६१,१५५.०६ | ५८,७१,२५२.०० | ० | ५८,७१,२५२.०० | ७५,४६,६९०.०० | ० | ७५,४६,६९०.०० | |
| | | | धरौटी | | ० | ३९,६५,८५९.१८ | ० | ३९,६५,८५९.१८ | १,९०,०००.०० | ० | १,९०,०००.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (१,३८,३०,७०३.३७) | ५८,१५,१९२.३४ | | ५८,१५,१९२.३४ | १,४६,३०,९८४.४५ | | १,४६,३०,९८४.४५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,४१,६६,५९५.४६ | | ३,४१,६६,५९५.४६ | १,६७,१७,५६४.९५ | | १,६७,१७,५६४.९५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,३८,३०,७०३.३७) | ३,९९,८१,७८७.८० | | ३,९९,८१,७८७.८० | ३,१३,४८,५४९.४० | | ३,१३,४८,५४९.४० |
| बैंक तथा नगद बाकी | २४ | | ३,५९,१९,६५६.३८ | | ३,५९,१९,६५६.३८ | ३,४८,८०,९६५.४२ | | ३,४८,८०,९६५.४२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण परीक्षण** | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • गाउँपालिकाले कार्यसंचालन कोष अन्तर्गतका प्रकोप व्यवस्थापन कोष, विविध खर्च खाता, कर्मचारी कल्याण कोष, बिभाज्य कोषको शुरु मौज्दात शुत्रले कोषगत खातामा नदेखाउने र वित्तीय प्रतिवेदन फा.नं. २७२ को शुरु मौज्दातमा समेत समावेश नहुँने हुँदा अल्या मौज्दात एकिन हुन सकेन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ | |
| ५.२ | | | गत वर्षको वित्तीय विवरणमा रु२,९६,५१,७३२.९२ मौज्दात देखाएकोमा यस वर्षको वित्तीय प्रतिवेदन अनुसार यस वर्षको शुरु मौज्दात रु३,४१,६६,५९५.४६ रहेको छ। गतको वर्षको भन्दा रु४५१४८६२.५४ बढि मौज्दात कायम गरेको छ। वढी जिम्मेवारी सारेको रकम यकिन हुनुपर्दछ। | |
| ५.३ | | | पालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्टि नगरेका कारण सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन । पालिकामा प्राप्त अन्तर सरकारी अख्तियारी अन्तर्गत स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम मार्फत प्राप्त तथा खर्च भएको रकम रु. ४६४००० /-, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु २६४०८५५९/- र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्राप्त तथा खर्च भएको रकम रु.१७७९५२३३७ /- समेत कुल रु.२०४८२४८९६/- सुत्रको वित्तिय प्रतिवेदनमा समावेश भएको पाइएन | |
| ५.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईयो । त्यस अतिरिक्त अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त रकम समेत सुत्रमा समावेश छैन । तसर्थ सुत्रबाट प्राप्त वित्तीय विवरणमा पालिकाका सम्पूर्ण प्राप्ती र भुक्तानी समावेश नभएकोले पालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएनवडाहरु र गाउपालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा ( विउ विजन खरीद ,पाडा सुगुर, गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन।<br>• गाउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सोअनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• पालिकाले विभिन्न विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br><br>तसर्थ गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६.२ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकालेम. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख लगायतका विवरण अद्यावधिक राखेको देखिएन। | |
| ६.३ | | | पालिकाअन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियो - | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन ।<br>• म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन । | |
| ६.४ | | | भ्रमण भत्ता खर्चः भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने,भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार नभएको । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वश्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस गाँउपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च शिर्षकमा रु.८०००००।खर्च लेखेको देखियो । भ्रमण खर्च औचित्य पुर्ण हुनुपर्दछ। | |
| ७ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ७.१ | | | सार्वजनिक जग्गा र सम्पत्तिको अभिलेखः स्थानीय सरकार संचालन ऐन २०७४,को परिच्छेद ३ दफा ११ मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था बमोजिम गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखि अद्यावधिक गर्नुपर्ने, सम्पत्तिको संरक्षण र उपयोग नीति मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको पाईएन । साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ७.३ | | | जग्गा उपयोग मापदण्ड — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ७.४ | | | जिन्सी निरीक्षण प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा अन्य कर्मचारी वा प्राविधिक द्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण फारम लेखापरीक्षणको क्रममा पेश गरेपनी नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेहो छैन । जिन्सी निरीक्षण प्रतिवेदन तयार नगर्दा जिन्सी मालसामानको अवस्था यकिन नहुने हुनाले नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | PAMS को प्रयोगः नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ कार्तिक २० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रकको कार्यालयले २०७७ श्रावणबाट अनिवार्य रुपमा तिनै तहका सरकारी कार्यालयमा लागु गरेकोमा यस गाउँपलिकाले २०७९ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) मा प्रविष्ट गरि वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । वडा कार्यालयहरुको कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा आवश्यक फर्निचर तथा प्रिन्टर समेत सम्बन्धित वडा कार्यालयले नै खरिद गरेको र सो खरिदलाई PAMS मा पोष्टिङ्ग गरेको छैन् । यसले गर्दा वर्ष भरी वडा कार्यालयले खप्ने जिन्सी सामाग्री कति र नखप्ने जिन्सी सामाग्री कति खरिद गरेको र कति प्रयोग भयो र कति बाँकी छ भन्ने एकिन गर्न सकिएन । वडा कार्यालयलाई आवश्यक पर्ने कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण जिन्सी सामाग्री नगरपालिकाले एकिकृत रुपमा खरिद गरी PAMS मा अद्यावधिक गर्नुपर्दछ ।<br>जिन्सी खाताः गाउँपालिकाबाट खरिद भएका खर्च नहुने सामानहरु वडा कार्यालय तथा विषयगत शाखाहरुलाई हस्तान्तरण गरेको मुल जिन्सी खाताबाट खर्च जनाउने गरेको देखियो ।वडा कार्यालय तथा विषयगत शाखाहरु छुट्टै अस्तित्वका कार्यालय नभएकोले गाउँपालिका कार्यालयमा नै एकिकृत जिन्सी खाता राख्नुपर्दछ । ति सामानहरुको विवरण सम्बन्धित वडा कार्यालय र विषयगत शाखाहरुबाट प्राप्त गरी जिन्सी आम्दानी जनाउनुपर्दछ । वडा कार्यालय, विषयगत शाखाहरु र कर्मचारीले प्राप्त गरेका खर्च नहुने प्रकृतिका सामानहरुको सहायक जिन्सी खाता राखी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ । | |
| ७.६ | | | भवन निर्माणको सुपरीवेक्षण - भवन ऐन, २०५५ को दफा १३ को उपदफा (१) मा कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा गाउँपालिका क्षेत्र भित्रका हकमा गाउँपालिकाले सुपरीवेक्षण गर्न सक्ने र उपदफा (२) मा त्यसरी सुपरीवेक्षण गर्दा गाउँपालिकाले कुनै भवन निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुने उल्लेख छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माणाधिन भवनको निर्माणको सुपरीवेक्षण गर्ने गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |
| ७.७ | | | जेसिबी तथा एस्काभेटरको आम्दानीःगाउँपालिकाको आर्थिक ऐनमा व्याक हो लोडर वडा कार्यालयको सिफारिसमा टोल विकास संस्था वा उपभोक्ता समिति प्रति घण्टा रु १६०० र अन्यको हकमा रु १८०० का दरले आम्दानी गर्ने उल्लेख छ । कार्यालयले जेसिबी तथा एस्काभेटरको सञ्चालन तथा मर्मत खर्च पालिकाले व्यहोरेको देखिएता पनि जेसिबी तथा एस्काभेटरबाट भएको कार्यप्रगतिको अभिलेखीकरण भएको देखिएन । गत वर्ष जेसिबी तथा एस्काभेटरबाट सञ्चालनबाट कुनै पनि आम्दानी नभएको भन्ने जवाफ प्राप्त भयो । पालिकाबाट जेसिविमा इन्धन तथा मर्मत खर्च गर्ने गरेता पनि म.ले.प.फा.नं ४१४ मर्मत संभार र संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ मर्मत संभार र संरक्षण अभिलेख खाता समेतको प्रयोग भएको देखिएन । पालिकाले जेसिवि संचालनलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनपर्दछ ।<br>सवारी साधन खरिदः स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पाङ्ग्रे सवारि साधन खरिदमा रु ६३१९०० खर्च गरेको छ । | |
| ८ | | | **आयोजना फरफारक**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) मा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लेख छ । उक्त दफाको उपदफा २(ङ)मा व्यवस्था भए अनुसार प्रमुख प्रशासकीय अधिकृतले आयोजनाको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो को पालना भएको देखिएन । सोको पालना हुनुपर्ने देखिन्छ । | |
| ९ | | | **राजश्व बाँडफाँडबाट प्राप्त रकमको उपयोग**<br><br>राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाँडफाडबाट प्राप्त हुने रकमको उपयोग गर्दा मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी वाकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गनुपर्ने उल्लेख गरेकोमा गाउँपालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्छ । | |
| १० | | | **शिक्षा** | |
| १०.१ | | | **अनुगमन मूल्यांकनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन । मापदण्ड तयार गरी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ ध्यान पुऱ्याउन जरुरी देखिन्छ । | |
| १०.२ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापनको लागि पालिकाले मापदण्ड बनाएको पाइएन । पालिकाको शिक्षा शाखा द्वारा सामुदायीक विद्यालयहरुको आंशीक रुपमा अनुगमन गरेको भएकोता पनि सो को प्रतिवेदन तयार गरेको देखिएन । तसर्थ पालिकाले विद्यालयहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.३ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सामुदायीक विद्यालयहरुको कार्यालयले निकासा दोहोरो परे नपरेको शैक्षिक गुणस्तरको अवस्था मापदण्ड निर्धारण गरी सोही बमोजिम अनुगमन गर्नुपर्दछ । पालिकाको सो व्यवस्था बमोजिम अनुगमन तथा प्रतिवेदन तयार गरेको पाइएन । | |
| १०.४ | | | संस्थागत विद्यालयः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । गाउँपालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको देखिएन । संस्थागत विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गरेको विवरण पेश भएन । गाउँपालिकाले आफु मातहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ । | |
| ११ | | | **धरौटी** | |
| ११.१ | | | महालेखा नियन्त्रक कार्यालयको च. नं. १ मिति २०७६।४।१ को परिपत्रमा महालेखापरीक्षक कार्यालयबाट स्वीकृत नया म.ले.प.फारमको प्रयोग गरी लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले सोही बमोजिम धरौटी अन्तर्गतका स्विकृत म.ले.प.फारम नंः ६०४, ६०५, ६०६ र ६०८ को प्रयोग गरेको पाइएन । | |
| ११.२ | | | धरौटी विवरणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको संघिय धरौटी खातामा मौज्दात रहेको रु.१,७५,६२,५६५.८५ जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ । | |
| १२ | | | **कोभिड परीक्षणसूचि** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | प्रकोप व्यावस्थापन कोषतर्फ यस वर्ष स्थानीयतह आफैले बजेट विनियोजन रू. ५००००००/- गरेको छ । उक्त मध्ये रू. २२५००४४ खर्च भई रू. २७४९९५६/- बाँकि रहेको देखिन्छ। उक्त खर्च मध्ये राहात वितरण रु ५६३६४७, जनशक्ति परिचालनतर्फ रु ८३९२१९ चालुबाट रु समेत, औषधी एवं स्वास्थ्य उपकरण खरिद तर्फ रू. ४७५१५० आइसोलेशन संचालन सामग्री खरिदमा रू. ६२४१८१ खर्च भएको देखिन्छ। | |
| १२.२ | | | जोखिम आंकलन र पूर्व तयारी- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, जोखिम आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । पालिकाले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन । | |
| १२.३ | | | फरक शीर्षकमा खर्चः १५३।३।२३ कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ६(१) मा कोरोना भाइरस(कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा खटिएका जनशक्तिलाई प्रदेश तथा स्थानीय तहले खटाएको हकमा सम्बन्धित प्रदेश तथा स्थानीय सरकारले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्ने उल्लेख छ । तर पालिकाले पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शीर्षकबाट रु. २८८२३३ कोभिड-१९ मा खटिएका कर्मचरीहरुलाई २०७८ पुष देखि फागुन महिनासम्म जोखिम भत्ता वापत भुक्तानी गरेको छ । पालिकाले जोखिम भत्ता व्यवस्थापन गरी खर्च गर्नु पर्नेमा सर्शत अनुदानबाट गरेको खर्च नियमसंगत नदेखिएको रु. | २८८,२३३ |
| १२.४ | | | स्वास्थ्य उपकरण खरिदः १५।६।२१ पालिकाले कोभिड रोग विरुद्धको खोप कार्यक्रम संचालन गर्नका लागि भ्याक्सिन भण्डारण गर्ने प्रयोजनका लागि vaccine refrigenetor १ थान, chest frezor १ थान र voltage stabilizer २ थान रू. ४५८२१५/- को स्वास्थ्य उपकरण खरिद गरेकोमा उक्त उपकरण खरिद पश्चात तोकिएको स्पेशिफिकेशन बमोजिमको प्राप्त भयो भएन भनि सम्बन्धित प्राविधिकबाट जाँच गराई Post Delivery Inspection -PDI गराएको देखिएन। यसबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तोकिएको गुणस्तरको स्वास्थ्य उपकरण प्रतिष्पर्धी दरमा खरिद भएको भन्ने एकिन हुन सक्दैन् । अतः खरिद गरिएका सामग्री तोकिए बमोजिम गुणस्तर परीक्षण नगरेकोले यसमा नियन्त्रण हुनुपर्दछ । | |
| १२.५ | | | खोप विवरणः यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप देहाय बमोजिम खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । | |

| सि.नं. | खोपको प्रकार | प्राप्त भएको डोज | प्रयोग भएको डोज | फिर्ता |
|---|---|---|---|---|
| १ | Astragenica 10 dose | २८९ | २८९ | ० |
| २ | Astragenica 8 dose | ६०० | ६०० | ० |
| ३ | Covishield 10 dose | ७७३ | ७७३ | ० |
| ४ | Janseen 5 dose | ८१० | ८१० | ० |
| ५ | Moderna 10 dose | ८०४ | ८०४ | ० |
| ६ | Pfizer 10 dose 5-11 yrs | ५५० | ५५० | ० |
| ७ | Pfizer PFE BNT 6 dose | ९७५ | ९७५ | ० |
| ८ | Verocel 1 dose | ८००३ | ८००३ | ० |
| ९ | Verocel 2 dose | ३४०० | ३४०० | ० |
| १० | Verocel 5dose | २१३७ | २१३७ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.६ | | | जनता उपचार कोषः जनता उपचार सहायता कोष सञ्चालन निर्देशिका २०७५ अनुसार यस गाउँपालिकाले यस वर्ष रु १० लाख विनियोजन गरी खर्च गरेकोमा निर्देशिकाको नियम ७ ख बमोजिम सहायताकोष परिचालन समितिबाट सिफारिस लिनुपर्ने प्रकृया पुरा नगरेको र कोषको विवरण बार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेमा नगरेको देखियो । | |
| १२.७ | | | कोभिड प्रभावित राहत कार्यक्रम - कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तानन्तरण कार्यविधि २०७८ को दफा ३ मा कोभिड को महामारी नियन्त्रणको लागि भएको बन्दाबन्दी कारण रोजगारी गुमाएका र नेपाल सकारबाट कुनै प्रकारको लाभ प्राप्त नगरेका नेपाली नागरिकहरुलाई पहिचान गरी प्रति परिवार रु दश हजारका दरले राहत रकम वितरण गर्नुपर्ने उल्लेख छ। त्यस्तै दफा ५ मा यस्तो राहत रकम हस्तान्तरणको लागि सम्बन्धित पालिकको वडा कार्यालयमा निवेदन पेश गर्ने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना आह्वान गर्नुपर्ने र सो सुचनाको जानकारी सम्बन्धित स्थानीय तहको वेवसाईटमा समेत राख्नुपर्ने उल्लेख छ । उक्त सूचनाको आधारमा पालिकाले सम्बन्धित वडामा प्राप्त निवेदनको प्रकृति हेरी वडा अध्यक्षले पालिकालाई सिफारिस गर्ने र सोको आधारमा रितपूर्वको निवेदन यकिन भएका लभग्राहीको नामावली सम्बन्धित पालिकाको प्रमखु प्रशासकीय अधिकृतले दावी विरोधका लागि तीन दिनको समायवधि दिई सुचना सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यसरी सूचना जारी गर्दा सम्बन्धित स्थानीय तह र वडा कार्यालको सूचना पाटि वा वेवसाइटमा समेत राख्नुपर्ने उल्लेख छ । पालिकाले यसै वर्ष उक्त राहत रकम विभिन्न गो भौ न बाट ३७७ घरधुरी लाई प्रति परिवार १० हजारको दरले रु.३७ लाख ७० हजार वितरण गरेकोमा पेन्सन वा सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गरे नगरेको आदि खुलेको निवेदन संकलन नगरेको, प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न रहे नरहेको वारेमा निर्णय प्रक्रियामा उल्लेख गरेको पाईएन । यसरी कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण गर्दा कार्यविधिले निर्धारण गरेका मापदण्ड पराउनुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १३ | | | **सेवा प्रवाह विवरण**<br><br>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>३७</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१११८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२८४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>३१५</td></tr>
<tr><td>बसाइँ सराइ</td><td>४२२</td></tr>
<tr><td>अन्य (सम्बन्ध विच्छेद)</td><td>२४</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>४</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>२०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| १४ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |
| १४.१ | | | आयको अनुमान : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बाट सहित अनुमानित रु.२४१९००००.आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा पालिकाले आन्तरिक आय रु. १७९४९८१३.३३ मात्र प्राप्त गरेको छ । गाउँपालिकाले आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १४.२ | | | आन्तरिक आयः यस वर्ष गाउँपालिकाले प्रक्षेपण गरेको राजस्व अनुमान भन्दा कम संकलन भएको देखियो । अपेक्षित राजश्वको तुलनामा कम मात्रामा राजश्व उठ्नु उचित देखिएन । SUTRA बाट प्राप्त विवरण अनुसार शिर्षकगत रुपमा प्राप्त आन्तरिक राजस्व र प्राप्त प्रतिशत देहाय अनुसार छ । वजेट लक्ष्य धेरै राख्ने तर आम्दानी हासिल गर्ने तर्फ ध्यान नदिइ राजस्व बुझाउन आएका करदाताको रकम मात्र प्राप्त गरेकोले लक्ष्य हासिल भएको छैन । | |
| १४.३ | | | आयः यस वर्ष गाउँपालिकाले कुल रु ४९ करोड ६ लाख १६ हजारको बजेट पेश गरेकोमा कुल रु ४५ करोड ७१ लाख ६२ हजार आम्दानी गरी कुल प्रक्षेपणको तुलनामा ९३.१८ प्रतिशत प्राप्ति गरेको अवस्था छ । कुल आम्दानी रु ४९ करोड ६ लाख १६ हजारको हुने गरी बजेट प्रक्षेपण गरी सोही अनुसार विनियोजन तर्फ सोही रकमको बजेट विनियोजन गरेकोमा आम्दानी कम प्राप्त भएकोले विनियोजन गरेका धेरै कार्यक्रमहरु कार्यान्वयनमा नआएको अवस्था छ । वजेट लक्ष्य धेरै राख्ने तर आम्दानी हासिल गर्ने तर्फ ध्यान नदिइ राजस्व बुझाउन आएका करदाताको रकम मात्र प्राप्त गरेकोले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लक्ष्य हासिल भएको छैन । पेश गरेको विवरण अनुसार शिर्षकगत रुपमा प्राप्त राजस्व र प्राप्त प्रतिशत देहाय अनुसार छ ।अपेक्षित राजश्वको तुलनामा कम मात्रामा राजश्व उठ्नु उचित देखिएन । | |
| १४.४ | | | सवारी करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।<br>मनोरञ्जन करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।<br>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी राखेको पाइएन । लेखापरीक्षणमा पालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण | |

| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | कुल आम्दानी |
|---|---|---|---|
| ११३१४ | भुमिकर/मालपोत | १,७५,७०,९७० | ८०,४५,६२०.७४ |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ७,१२,५०० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १०,००,०००.०० | २,९९,२३४.१३ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७,७२,९१० | ३,७४,४२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षणको क्रममा पेश भएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि निजहरुलाई करको दायराभित्र ल्याउनु पर्दछ ।<br>करदाताको व्यक्तिगत लगतः सम्पूर्ण सरकारी तहका निकायहरुमा राजस्वको व्यक्तिगत लगत राखी सम्बन्धित जानकारीहरु जस्तै शुल्क दण्ड प्राप्ति तथा बाँकी विवरणहरु देखिने गरी म.ले.प.फा.नं १११ फारामको प्रयोग गर्नुपर्दछ । करदाताको व्यक्तिगत लगत राखि व्यक्तिले कति रकम बुझायो र कति बाँकी छ भनि अध्ययन गर्न यो म.ले.प.फा.नं प्रयोग हुनेमा नराखेकोले कारको विवरण परीक्षण गर्न सकिएन ।<br>आय ठेक्का अभिलेखः गाउँपालिकाले यस वर्ष तथा विगतका वर्ष देखिनै लगाएका आय ठेक्काको अभिलेख राखेको छैन । फाइल व्यवस्थापन गर्ने र सोको व्यवस्थित अभिलेख राख्नुपर्दछ । गाउँले ठेक्काबाट यस वर्ष तथा विगत समेतको कुन ठेक्काबाट कति रकम यस वर्ष उठ्नुपर्ने हो तथा विगत वर्ष देखिको उठ्न बाँकी रकम कति हो सोमा लाग्नुपर्ने व्याज तथा जरिवानाको रकम कति हो भनि अभिलेख राख्नुपर्नेमा सो अभिलेख राखेको पाईएन । यसमा सुधार हुनुपर्दछ ।<br>वन पैदावार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षीक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन। आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ । | |
| १५ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १५.१ | | | प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५४ जना पदपूर्ती भएको देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५.२ | | | तलब प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिंदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प. शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आव २०७८।७९ मा गाउँपालिका चालु तर्फ रु१,४३,८९,२०९.१० र स्वास्थ्य तर्फ रु १,४१,९०,७३३। तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ । | |
| १५.३ | | | कर्मचारी करार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ । गाउँपालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु३,०७,३६,७४९.६६ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धि पदमा मात्र करारवाट सेवा लिन सकिने र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा २० जना नियुक्ति गरी वर्ष रु.६२८५१७० खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु | ६,२८५,१७० |
| १५.४ | | | कर्मचारी कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १० लाख ट्रान्सफर गरेको छ । यस वर्ष कोपबाट रु१०४७५०० खर्च भएकोमा ८ जना स्वास्थ्य स्वयंसेविकालाई निवृत्तिभरण वापत रु८४८००० र हल्दिबारी स्वास्थ्य चौकीका कास पदमा कुमारी शिवाकोटीलाई रु१३९५०० निवृत्तभरण भुक्तानी भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **आर्थिक सहायता र अन्य विविध खर्च**<br><br>विविध खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।महालेखा नियनन्त्रकको कार्यालयले जारी गरेको खर्च संकेतको वर्गीकरण व्याख्या अनुसार विविध खर्चबाट स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च र यस्ता कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च मात्र यस खर्च शिर्षकबाट लेखाङ्कन गर्न मिल्दछ । यस गाँउपालिकाले यो वर्ष खाना, खाजा लगायतका कार्यमा मात्र रु. १९८७४२१।-खर्च गरेको छ । उक्त खर्च के कुन कार्यक्रम सँग सम्बन्धित हो खुलाउने गरेको छैन ।खर्चको विलसाथ उक्त खर्च के कुन कार्यक्रमसंग सम्वन्धित हो पुष्टी हुने उपस्थिति लगायतका प्रमाण संलग्न गर्नुपर्दछ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १७ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १७.१ | | | कानून निर्माण ÷स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म १६ ऐन, ४ नियमावली, १६ कार्यविधि ५ निर्देशिका र ३ नर्म्स समेत ४४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| १७.२ | | | न्यायिक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको ११ यो बर्ष ६ वटा दर्ता भएकोमा ८ वटा फछ्यौंट भइ १५ वटा फर्स्योट हुन बाँकी छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **खरिद तथा ठेक्का अभिलेख** | |
| १८.१ | | | **ठेक्का अभिलेख -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा निर्माण कार्यको अभिलेखांकनका लागि महालेखा परीक्षकबाट स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ । | |
| १८.२ | | | **बार्षिक खरिद योजना/गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १७,१०,०४,२०५.७८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १९ | | | **बजेट तथा कार्यक्रम** | |
| १९.१ | | | क्षेत्रगत बजेट र खर्चको स्थिति : स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="4">(रु हजारमा)</td></tr>
<tr><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)</td></tr>
<tr><td>आर्थिक विकास</td><td>४,५२,६५</td><td>३,६३,१४</td><td>८०.२३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>१२,६९,०९</td><td>१०,७०,६२</td><td>८४.३६</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१६,३१,८३</td><td>१४,४१,८१</td><td>८८.३६</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>७,९३,७५</td><td>७,८७,४९</td><td>९९.२१</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>७,५८,८२</td><td>७,४६,७५</td><td>९८.४१</td></tr>
<tr><td>जम्मा</td><td>४९,०६,१६</td><td>४४,०९,८३</td><td>८९.८८</td></tr>
</table>
<br>
खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३,१७,८०,५१६.७०, राजस्व बाँडफाँड रु.८,२६,८५,४६२.८५ र अनुदानबाट रु.१७९४९८१३.३३र बैंक मौज्दात रु १,३८,३०,७०३.३७ समेत रु ४५,७१,६२,२३४.४४ आम्दानी भएकोमा चालु तर्फ रु.२६,९९,७९,३२८.१९र पूँजिगत तर्फ रु. १७,१०,०४,२०५.७८/- र समेत रु. ४४,०९,८३,५३३.९७ खर्च भएको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ६८५६०३१.खर्च भएको छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | | | **रकमान्तरः** आर्थिक वर्ष ०७८।७९ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु. ३,७३,०८,२८९ रकम बराबरको ११३ योजनालाई घटाई गरी नयाँ तथा भएका योजनामा रकम थप योजना रु. ३,७४,१८,४४३ रकम बराबरको ८६ योजना/कार्यक्रम कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट गरी सभामा सिफारिस भई गाउँसभाको हिउँदे बैठकले स्वीकृत गरेको देखियो । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १९.३ | | | **दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरणः** दिगो विकास अवधारणा अन्तर्गत तय भएका लक्ष्यहरू (१७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २४४ सूचकहरू) प्राप्तिका लागि नेपालका तीनै तहका सरकार समान रूपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजनामा समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ। पालिकाले आवधिक योजना तयार गरेको देखिएन। वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरुलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्नुपर्ने हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुऱ्याउने कार्यक्रमहरू तर्जुमा नहुन सक्ने जोखिम रहने भएकोले 'पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यम कालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्यांकन गर्ने गर्नु पर्दछ । | |
| १९.४ | | | बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य गाउपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८।३।१० मा ४९ करोड ६ लाख १६ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७८।३।२५ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । वजेट खर्च गर्ने अख्तियारी प्रदान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएकोमा चौमाशिक रुपमा भएको खर्चको आवृत्ति (Trend) एकनासको र अनुमानयोग्य देखिएन । चौमाशिक खर्चको भार अन्तिम चौमाशिक र आषाढ महिनामा बढि देखिन्छ भने अन्य खर्चको ट्रेण्ड समेत महिनागत रुपमा समान र अनुमान योग्य देखिएन । ऐनको भावना अनुसार पूजिगत खर्च व्यवस्थापन हुनेगरी सुधार गर्नु पर्दछ । | |
| १९.५ | | | त्रैमासिक खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली २०७७ को नियम २८ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम प्रगति त्रैमासिक विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्च | १७१००४ | ३२२३६ | ५३७२१ | ८५०४५ | ४७८०३ |
| प्रतिशत | १००. | १८.८५ | ३१.४२ | ४९.७३ | २७.९५ |

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगत खर्च रु. १७१००४ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. ३२२३६ अर्थात १८.८५ प्रतिशत, दोश्रो चौमासिकमा रु. ५३७२१ हजार अर्थात ३१.४२ प्रतिशत र तेश्रो चौमासिकमा रु. ८५०४५ अर्थात ४९.७३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनमा मात्र रु ४७८०३ हजार अर्थात २७.९५ खर्च देखिनुले खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १९.६ | | | **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेको छ । उक्त समितिले समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ | |
| २० | | | **पेश्की व्यवस्थापन** | |
| २०.१ | | | कार्यालयले निर्माण व्यवसायी तथा कर्मचारीहरुलाई उपलब्ध गराएको पेश्की तोकिएको शर्त र काम पुरा गरी कार्यालयमा फर्किएको १५ दिन भित्र फस्यौंट गर्ने नगरेको तथा गत विगत देखिनै विभिन्न कर्मचारीको नाममा पेश्की बाँकी देखिएको छ । | |
| २०.२ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ बमोजिम सामान खरिदका लागि पेश्की दिँदा लाग्ने रकम अनुमान गरी मात्र पेश्की उलब्ध गराउनुपर्नेमा सो अनुसार नगरी एकपुष्ट रुपमा पेश्की दिने र २१ दिन भित्र फस्यौंट हुने गरेको पाइएन । | |
| २०.३ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४८ बमोजिम दैनिक तथा भ्रमण भत्ता पेश्की भुक्तानी गर्दा तोकिए बमोजिम लाग्ने रकम यकिन नभएको र कार्यालयमा फर्किएको १५ दिन भित्रमा पेश्की पुरै फस्यौंट नगरेको | |
| २०.४ | | | मोबिलाइजेसन पेश्कीः लामा युनिभर्सल जेभीको रु १९२००००० म्याद ननाघेको पेश्की बाँकी रहेको छ । नियमानुसार फछ्यौंट हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०.५</td><td></td><td></td><td>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएका प्रकृया पूरा गरी पेश्की रकम तोकिएको अवधीमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आषाढ मसान्त सम्म बाँकी रहेको निम्नानुसारको फछ्र्यौट गर्न वाँकी रहेको पेश्की नियमावलीको व्यवस्था अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।
<table>
<tr><th>विवरण</th><th>कर्मचारी</th><th>पेश्की मिति</th><th>रकम</th></tr>
<tr><td>भेलागडीलोकतान्त्रिक शहीद स्मृति पार्क निर्माण आयोजना</td><td>सि.एम.कर्म जे.भी</td><td>०६/२२/२०७८</td><td>४२,००,०००.००</td></tr>
<tr><td>भेलागडीलोकतान्त्रिक शहीद स्मृति पार्क निर्माण आयोजना</td><td>सि.एम. कर्म जे.भी</td><td>०७/०५/२०७८</td><td>१९,००,०००.००</td></tr>
<tr><td>मंगलबारेबाटवडाबारी ह्दै पाथिभारा पर्यटकिय क्षेत्रबाट ओली चोक तर्फ र केदार उप्रेतीकोघरबाट वोडोसा चोक हुदै कन्चनश्री चन्द्रमार्ग जोड्ने सडक कालोपत्रे आयोजना</td><td>कन्काई इन्टरनेशनल विल्डर्स प्रा.लि.</td><td>०८/१७/२०७८</td><td>४७,००,०००.००</td></tr>
<tr><td>भेलागडी लोकतान्त्रीक सहिद स्मृति पार्क निर्माण</td><td>सि.एम. कर्म जे.भी</td><td>०९/१२/२०७८</td><td>१७,५०,०००.००</td></tr>
<tr><td>भुसुडी तथा भुतेनी खोला सिँचाइ आयोजना</td><td>गिरिराज निर्माण सेवा प्रा.लि.</td><td>०९/२२/२०७८</td><td>६,८३,०००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>१,३२,३३,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सब-कन्ट्राक्टरबाट कार्य गराएको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ । कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकीकाम यस नियम र नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ। यस पालिका अन्तर्गत निम्नानुसारका योजनामा उपभोक्ता समितिले सम्झौता गरेको रकमको अधिकांश वा सतप्रतिशत कार्य निम्नानुसारका सब-कन्ट्राक्टरबाट गराएको देखियो । यस सम्बन्धमा कार्यालयले आवश्यक जाँच गरी कानुन बमोजिम गरेको देखिएन । उपभोक्ताले सम्झौता बमोजिमको निम्नानुसारको कार्य सब-कन्ट्राक्टरबाट गराएको नियमित देखिदैन ।
<table>
<tr><th>भौ नं./ मिति</th><th>योजना/कार्यत्रमको नाम</th><th>फर्मको नाम</th><th>लागत इस्टिमेट</th><th>प्राविधिक मुल्याङकन</th><th>निर्माण व्यवसायिको भुक्तानी</th></tr>
<tr><td>२२।६।२४</td><td>कुवेर तिम्सिना मंगलबारे सुपारी बगान झापा रोड जोड्ने सडक ग्राभेल उस</td><td>आदित्य वि एण्ड वि कन्स्ट्रक्सन प्रालि</td><td>१२४३७३६</td><td>१२१८७५०</td><td>९७५८६८</td></tr>
<tr><td></td><td>योगेन्द्र उप्रेतीको घर पश्चिम बाट नेत्रमार्ग जोड्ने बाटो ग्राभेल उस</td><td>एभरग्रिन कन्स्ट्रक्सन</td><td>४२६५६२।५०</td><td>४१७६५९।४९</td><td>४१६१५९</td></tr>
<tr><td>८५।११।२६</td><td>तामाङ्ग चोक दक्षिण विजय लावतिको घरसम्म बाटो ग्राभेल</td><td>आदित्य वि एण्ड वि कन्ट्रक्सन</td><td>२४३७५०।२५</td><td>२४७९२०।१४</td><td>२३८६५९।९३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td>८३</td><td>२०७८-११-१६</td><td>भेरियसन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (ङ) मा पच्चीस प्रतिशत भन्दा माथिको भेरिएशन सार्वजनिक निकायको हकमा नेपाल सरकार मन्त्रिपरिषद्ले, स्वीकृत गर्नुपर्ने सम्वन्धि व्यवस्था छ । झापा रोड वडा कार्यालय हुँदै रमाइलो कालोपत्रे सडक जाने सडक ग्राभेल कार्य लागत अनुमान रु१७९५११६ भई मिति २०७८।२।३० मा गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भएकोमा लागत इस्टिमेटमा संशोधन गरि नयाँ लागत अनुमान रु२५२७७७९।६७ कायम गरेको छ, जुन लागत अनुमानको ४०.८१ प्रतिशत भेरिएसन हुन आउछ । कानूनले तोकेभन्दा बढी भेरिएसन गरेको मनासिव देखिएन । | |
| २३ | | | **उपभोक्ता समितिबाट भएको कार्य**<br><br>यस गाउँपालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गरेकोमा निम्न व्यहोराहरु देखियो । | |
| २३.१ | | | **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।<br>**आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।<br>**निर्माण कार्यको लगत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । पालिकाले गतविगत वर्षदेखि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।<br>**सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन ।कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।<br>**कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **कार्यसम्पन्न प्रमाणपत्र -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३४ को उपनियम (९) मा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि गाउँपालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई यस्तो प्रमाणपत्र दिने गरेको छैन ।<br>**खरिद सम्झौताको सूचना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ मा खरिद सम्झौता भएको तीन दिन भित्र सो सूचना सम्बन्धित सार्वजनिक निकायले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने व्यवस्था गर्नु पर्ने र त्यस्तो सूचना आफ्नो वेवसाइटमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।<br>**उपभोक्ता समितिको श्रेस्ता अनुगमन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।<br>**निर्माण सामाग्रीको विल भर्पाईः** गाउँपालिका र विभिन्न निर्माण कार्यको उपभोक्ता समितिहरु विच भएको सम्झौतामा रु. 20 हजार भन्दा बढीको निर्माण सामाग्री खरिद गर्दा अनिवार्यरुपमा मुल्य अभिवृद्धी कर प्रयोजनको लागि दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्ने र 1.5% अग्रीम कर समेत कट्टा गरी भौचर सहितका विलभरपाई गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिहरुले सिमेन्ट र फलामे छड खरिद गर्दा प्रायजसो मु.अ.कर बिजक पेश गरेता पनि ढुङ्गा, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गिटी, बालुवा र काठ खरिद गर्दा मु.अ.कर बिजक पेश नगरी विभिन्न व्यक्तीले रकम बुझिलिएको भरपाई पेश गर्ने गरेको पाइयो । निर्माण कार्यमा प्रयोग हुने र मु.अ.कर लाग्ने निर्माण सामाग्रीहरु ढुङ्गा, गिटी, बालुवा र काठ खरिद गर्दा नेपाल सरकारले सम्झौतामा उल्लेख भए अनुसार अनिवार्य रुपमा मु.अ.कर विजक पेश हुनुपर्दछ । मु.अ.कर विजक पेश नभएको अवस्थामा तथा व्यक्तीको भरपाईबाट लाखौ रकम खर्च गरेको अवस्थामा त्यस्ता व्यक्तीको आयबाट आयकर ऐन, २०५८ बमोजिम १५% अग्रीम करकट्टा गर्नु पर्दछ ।<br>**त्रुटी सच्याउने कार्यः** ठेक्का सम्झौता अनुसारको काम सम्पन्न भएपछि आयोजनालाई निर्मित संरचना हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्चाउने अवधि राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यबसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि कार्यालयले संचालनमा रहेका योजनाहरुको विवरण अद्यावधिक राखी बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्ण रुपमा जिम्मेवार बनाई त्रुटी सच्चाउन लगाउनु पर्दछ । त्रुटी सच्चाउनु पर्ने कार्यको ठेक्कागत अभिलेख राखी काममा त्रुटी देखिए त्रुटी सच्चाएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| २३.२ | | | **मेसिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन । | |
| २४ | | | **औषधि व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ ।<br><br>भण्डारमा मौज्दात रहेका निम्न ५ प्रकारका औषधिको Expiry date तथा निशुल्क वितरणको लोगो परीक्षण गर्दा निम्नानुसार पाइयो ।<br><br>औषधिको नाम / म्याद समाप्त हुने मिति / निशुल्क वितरणको लोगो:<br>genuet / November, 2023 / छ<br>Benzycil / April, 2024 / छ<br>Metspire 500 / Oct, 2024 / छैन रु २० अंकित<br>Stalcal 500 / Jan, 2024 / छैन रु ३७.५० अंकित<br>Calamine / Jan, 2023 / छ | |

| औषधिको नाम | म्याद समाप्त हुने मिति | निशुल्क वितरणको लोगो |
|---|---|---|
| genuet | November, 2023 | छ |
| Benzycil | April, 2024 | छ |
| Metspire 500 | Oct, 2024 | छैन रु २० अंकित |
| Stalcal 500 | Jan, 2024 | छैन रु ३७.५० अंकित |
| Calamine | Jan, 2023 | छ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले निशुल्क वितरण गर्ने औषधिमा निशुल्क वितरणको लागि पहिचान खुल्ने लोगो लगाइएको पाइएन । लोगो नभएको औषधि वितरण गर्दा दुरुपयोग हुनसक्ने भएकोले निशुल्क वितरणको पहिचान खुल्ने लोगो उल्लेख गरेरमात्र वितरण गरिनुपर्दछ । | |
| २५ | | | **औषधी खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। साथै यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नअनुसार छन ।<br><br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br><br>• आपूर्ति हुने औषधीको WHO Certified हुनुपर्ने, औषधीको उत्पादन मिति र समाप्त हुने मिति उल्लेख गरी विज्ञबाट मुचुल्का उठाई राख्नुपर्नेमा सो गरेको नदेखिएको।<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यविधि २०७६ को दफा १४(१) मा कार्यक्रमको कार्यसम्पन्न भएपछी विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनुपर्नेछ । सोही कार्यवधिको दफा १३ को (३) मा कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिएको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । दफा ११ (६) मा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा निम्न कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी यथाशिघ्र सम्पन्न गरी विद्यालय व्यवस्थापन समिति, सम्बन्धित विद्यालयका प्र.अ. , गाउँपालिकाका प्र.प्र.अ. र प्राविधिकबाट स्वीकृत कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.<br><table><tr><th>विद्यालयको नाम</th><th>अनुदान रकम</th><th>कार्य विवरण</th></tr><tr><td>सरस्वती मावि</td><td>३६०००००</td><td>४ कोठे भवन</td></tr><tr><td>जम्मा</td><td>३६०००००</td><td></td></tr></table></td><td>३,६००,०००</td></tr>
<tr><td>२७</td><td>६१</td><td>२०७९-३-२०</td><td>शिक्षा ससर्तबाट कन्टिन्जेन्सीमा खर्च<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकामा शिक्षाको अनुदानबाट कन्टिन्जेन्सी कट्टा गर्न नपाउने उल्लेख छ । गाउँपालिकाले कम्प्युटर मर्मत शिर्षकमा रु९८५०० खर्च गरी तेजस्वी कम्प्युटर सपोर्टलाई शिक्षा ससर्तबाट कन्टिन्जेन्सी कट्टी गरेको रकमबाट भुक्तानी दिएको छ । सो कट्टी रकम संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु</td><td>९८,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>दरवन्दी र पदपूर्ति<br><br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका १८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।<br><table><tr><th>विद्यालय संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr><tr><td>१८</td><td>१९४</td><td>१९२</td><td>४६</td><td>५२८४</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td>१८५</td><td>२०७९-३-२४</td><td>सेनिटरी प्याड<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान अन्तर्गत कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई प्रति महिनावारी बढीमा २ प्याकेटका दरले विद्यालयले उपलब्ध गराउनुपर्ने र खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी सुरक्षित राख्नुपर्ने व्यवस्था छ । पालिकाले जस्मिन हाइजिन प्रोडक्स प्रालिबाट रु ९९३५९८ कर समेत ११९०० थान रु ७३।८९ भ्याट बाहेकका दरले खरीद गरि वितरण गरेको छ । स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद ५ दफा १४ मा उपाध्यक्षको संयोजकत्वमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने र दफा १५ बमोजिमको कार्य गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम अनुगमन तथा समन्वय भएको पाइएन ।साथै विद्यालयबाट सेनिटरी प्याड वितरणको प्रगति विवरण गरी अभिलेख राख्नुपर्दछ ।<br>वर्षान्तमा खरिद - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । यस्तै स्यानिटरी प्याड सम्बन्धी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यविधिको दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २४ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । | |
| ३० | ५४ | २०७९-१-१५ | **प्राविधिक धार अनुदान**<br><br>संघीय सरकारबाट प्राप्त बजेट खर्च गर्दा तोकिएको नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था छ । हल्दीवारी मावि शिक्षक सिकाइ सामाग्री विद्यार्थी निर्वाह खर्च (OJT) प्रति महिना १ हजारमा दरले सम्बन्धित विधार्थीको खातामा उपलब्ध गराउने उल्लेख छ । ८५ जनालाई १००० का दरले ६ महिनाको रु. ५१०००० भुक्तानी हुनुपर्नेमा अन्य शिर्षकमा नै विद्यालयले खर्च गरेको देखिएकोले नियमसम्मत भएन रु. | ५१०,००० |
| ३१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ३१.१ | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट गरी सडक निर्माण कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष रु.३७१३२९० खर्च भएकोमा ज्यालामा रु.२०५१८५८ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३१.२ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ | |
| ३१.३ | | | नेपाल सरकारले बेरोजगार सुचिकृत श्रमिकहरुलाई कम्तिमा १०० दिन रोजगार दिने लक्ष्य सहित कार्यान्वयनमा ल्याएको प्रधानमनत्री रोजगर कार्यक्रममा यस बर्ष कुल सुचिकृत संख्या ३४० रहेकोमा जम्मा ७९ जनाले मात्र रोजगार पाएको छ । सरकारको लक्ष्य अनुसार १०० न्युनतम कार्यदिन हुनुपर्नेमा ७९ जनालाई औसत ४५.४६ दिन भएकोमा अन्यले रोजगार पाएका छैनन् अत पालिकाले कार्यक्रमको मूल लक्ष्य प्राप्तितर्फ ध्यान दिनुपर्दछ | |
| ३१.४ | | | निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित गाउँपालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ । | |
| ३२ | | २०७९-१-१५ | **ल्याब व्यवस्थापन**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु | १,०००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस वर्ष नमूना विद्यालयलाई देहायबमोजिम अनुदान निकासा भएको छ । निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>हल्दिबारी मावी</td><td>१००००००</td><td>कक्षा ११ ल्याब व्यवस्थापन वापत रु १० लाख</td></tr>
<tr><td>जम्मा</td><td>१००००००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>कृषि पकेट कार्यक्रम<br><br>कृषि पकेट कार्यक्रमः सर्शत अनुदान अन्तर्गत प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ।कार्यालयलाई प्राप्तप्रधानमन्त्री कृषी आधुनिकीकरण योजना तर्फको रकमबाट विभिन्न पकेट विकास सम्बन्धी कार्यक्रमहरु पचास प्रतिशत लागत साझेदारीमा संचालन गरेको छ । त्यस मध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गरिएका देहाय अनुसारका कृषि तथा पशुपालन सहकारी तथा समूहहरुलाई छनौट गरी ५० प्रतिशत अनुदानमा विभिन्न पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु.१८८५००० अनुदान उपलब्ध गराएको पाइयो । पकेट कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ । साथै आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।
<table>
<tr><td>कृषक संस्था</td><td>पकेट क्षेत्र</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>परिवर्तन कृषि तथा पशुपन्छी मिश्रित कृषक समूह</td><td>तोरी पकेट</td><td>३०००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| हाम्रो गोलधाप कृषि सहकारी संस्था लि | तरकारी पकेट | ३००००० |
| विउ आलु खरीद तथा वितरण | क्षेत्र विस्तार | १८५००० |
| नमूना कृषक समूह | धान पकेट | ५००००० |
| रिति कृषि फर्म | धान पकेट | ६००००० |
| कन्चनजंगा कृषि फर्म | मत्सय विकास कार्यक्रम | १९२५०० |
| कालिका कृषि तथा मत्स्य केन्द्र | | ७०००० |
| दंगाल बहुउद्देश्य कृषि फर्म | | ७०००० |
| पाथिभरा कृषि फर्म | | ७०००० |
| रामचन्द्र कृषि तथा मत्सय केन्द्र | | ८५००० |

- पकेट कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।
- आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनोट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।
- उपरोक्त अनुदानमा कृषि सामग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको छ ।
- नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलब्धिको प्रतिफल पेश नभएको, पशु विमा नगराएको देखियो ।<br>गाउँपालिकाको सहभागितामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरे पश्चात नगरपालिकाले अनुदानबाट भए गरेका कामको मूल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसिसहितको अभिलेख अध्यावधिक गरी एउटै समूह संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनुपर्ने देखिन्छ । | |
| ३४ | | | **लघु उद्यम विकास कार्यक्रम**<br><br>पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत उद्यमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गरी रु १,०३९,९६९.०० खर्च गरेको छ । गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>अभिलेख व्यवस्थापन<br><br>स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८।७९ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>कृषकलाई अनुदान<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९(१) अनुसार विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भएमा मात्र अधिकार प्राप्त अधिकारीले मालसामान खरिदको लागि कर्मचारीलाई खर्च दिन मिल्ने देखिन्छ । कार्यालयले मालसामान खरिदको भुक्तानी सम्बन्धित फर्म/व्यवसायीलाई नगरी कर्मचारीलाई भुक्तानी गरेको देखियो । कृषकको लागत साझेदारी कार्यक्रममा कृषकबाट संकलन गरेको रकम सम्बन्धित सप्लायर्सले प्राप्त गरेको भरपाई संलग्न गरेको छैन । सम्बन्धित संस्था वा सप्लायर्सलाई नै भुक्तानी हनुुपर्दछ ।
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>कार्यक्रम</th><th>भुक्तानी लिने कर्मचारी</th><th>भुक्तानी</th></tr>
<tr><td>१४०।३।१२</td><td>४० जना कृषकलाई रु१८००० को मकै छोडाउने मेसिन सुभम अडर सप्लायर्सबाट रु७२०००० को खरीद गरी वितरण</td><td>मकै छोडाउने मेसिन वितरण कार्यक्रम</td><td>राजन खतिवडा</td><td>३२००००</td></tr>
<tr><td>१५०।३।१४</td><td>सुभम अडर सप्लायर्सबाट रु२५२०० को मकै रोप्ने मेसिन खरीद गरी कृषकलाई वितरण</td><td>मकै रोप्ने मेसिन</td><td>राजन खतिवडा</td><td>१२६००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१५१।३।१४</td><td>ओसिन एग्रो भेट्स सेन्टरबाट रु १२४६०० को स्प्रे ट्याङ्की खरीद गरी कृषकलाई वितरण</td><td>स्प्रे ट्याङ्की वितरण</td><td>राजन खतिवडा</td><td>६२४००</td></tr>
<tr><td>१५२।३।१४</td><td>सुभम सप्लायर्सबाट रु१९८०००० को कुटी काट्ने मेसिन खरीद गरी वितरण</td><td>कुटी काट्ने मेसिन खरीद</td><td>राजन खतिवडा</td><td>९९००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>रकम ढिला दाखिला गर्ने<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन२०७६ को दफा २८(२) बमोजिम आफ्नो जिम्मामा आएको नगदी राजश्व सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ ।कार्यालय र बैंकको दुरि समेतलाई विचार गरि महालेखा नियन्त्रक कार्यालयले म्याद तोकिदिएकोमा सोही म्यादभित्र दाखिलागर्नुपर्ने र तोकिएको म्यादभन्दा ढिला गरी दाखिला गरेमा १० प्रतिशतका दरले जरिवाना सहित दाखिला गर्न लगाई विभागीय कार्वाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । तर स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपय ले २, ३ महिना पछि र केही वडाले यस वर्षको रकम पछिल्लो आर्थिक वर्षमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला नगर्नेलाई नियमानुसार कारवाही गरी राजश्व रकम तोकिएको अवधिमा दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>कार्य योजना तयारी<br><br>आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्दछ। पालिकाले आन्तरिक आय सम्बन्धी कार्ययोजना तयार गरेको देखिएन। जसकारण पालिकाको अपेक्षित आय उठन नसकेको देखिन्छ। तसर्थ, पालिकाले कार्य योजना तयारीमा ध्यान दिनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **राजश्व अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ को उपनिय ३ मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ।पालिकाले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र दैनिक प्राप्त भएको आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ४० | | | **आयको अनुमान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बाट सहित अनुमानित रु.२४१९००००.आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा पालिकाले आन्तरिक आय रु. १७९४९८१३.३३ मात्र प्राप्त गरेको छ । गाउँपालिकाले आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४१ | | | **रसिद नियन्त्रण खाता**<br><br>आम्दानी रसिद सिलसिलेवार रुपमा दोहोरिने गरी रसिद नं छापिएको हुनुपर्ने र आम्दानी रसिद प्रयोग गर्दा म.ले.नि.का. बाट तोकिएबमोजिम रसिद नियन्त्रण खाता राखी सोवाट निकासा लिएरमात्र गर्नुपर्ने उल्लेख छ। पालिकाले गत बर्षको बाँकी र यस वर्ष छपाएको मध्ये के कति रसिद यस आर्थिक वर्षमा प्रयोग भएको र के कति रसिद यस आर्थिक वर्षमा मौज्दात बाँकी रहेको र मौज्दात रसिद कसको जिम्मामा रहेको विवरण खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन्। तसर्थ, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यसबाट रसिदको दुरुपयोग हुन गई रसिद बमोजिम उठेको वास्तविक रकम दाखिला भएको कुरामा विश्वस्त हुन सक्ने देखिदैन। | |
| ४२ | | | **काम, कर्तव्य र अधिकार**<br><br>काम, कर्तव्य र अधिकार : संविधानको अनुसूची—८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ । संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानून वनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ । | |
| ४३ | | | **खोला ठेक्का**<br><br>स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६४ तथा प्रदेश आर्थिक ऐन, २०७७ अनुसार गाउँपालकाले देउनिया खोला नदिजन्य सामाग्री उत्खनन् तथा विक्री ठेक्का मिति २०७८।४।१८ मा १४९०५ घ.मि. परिणाम न्यूनतम कबोल अंक मूल्य अभिवृद्धि कर बाहेक रु. ३०००१४७।६७ मा सूचना प्रकाशित गरेकोमा कुनै पनि प्रस्ताव प्राप्त नभएको भनि दोस्रो पटक मिति २०७८।५।२९ मा र तेस्रो पटक मिति २०७८।६।२० मा ७९५० घ.मि. मुअकर बाहेक रु.१५९७२०२।८२ मा ठेक्का आव्हान भई सतासी निर्माण सेवासँग मिति २०७८। । रु. २४०१२४० मा ठेक्का संझौता गरेको छ ।<br>ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ मा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् र संकलन हुन नदिन संकलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट नापजाँच तथा रेखांकनका आधारमा उत्खनन् वा संकलनको क्षेत्र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्धारण गरी लाइन लेभल समेत दिनुपर्ने, उत्खनन् वा संकलन गर्न स्वीकृत दिएको क्षेत्रको सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमित अनुगमन गर्नुपर्ने, उत्खनन्, संकलन वा ढुवानीकर्ताले उत्खनन्, संकलन वा ढुवानी गरेको परिमाण दैनिक अभिलेख बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज भरि दैनिक रुपमा गाउँपालिका तथा नगरपालिकामा बुझाउनु पर्ने पर्ने व्यवस्था छ । तर पालिकाले सो अनुरुप अनुगमन तथा दैनिक अभिलेख तेरीज प्राप्त गरेको छैन । | |
| ४४ | | | **कारोवारको लेखा**<br><br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० अनुसार प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ वमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ। राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। | |
| ४५ | | | **राजश्व लगत**<br><br>आर्थिक कार्यविधि नियमावली २०७७ को नियम १५ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम १० बमोजिम लगती तथा हसबली राजस्वको लेखा रहे नरहेको यकिन गर्नुपर्ने उल्लेख छ। कार्यालय प्रमुखले निरिक्षण गरी संकलन भएको राजस्व रकम र उठन बाँकी राजस्व रकमको लगत तयार गरी लेखा अद्यावधिक गरी राख्न लगाउनुपर्दछ। पालिकाले उठ्न बाँकी राजस्व रकमको अभिलेख राखेको पाइएन्। लेखापरीक्षणको क्रममा जिन्सी श्रेस्ता तथा उपलब्ध नगदी रसिदको परिक्षण गर्दा के कति असुली हुनुपर्ने हो के कति रकम असूली भएको हो र के कति रकम दाखिला भएको हो यकिन हुन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सकेन। साथै, वडा कार्यालयबाट उठनुपर्ने सिफारिस दस्तुरहरु सिफारिस गरिएको संख्यासँग भिडान गर्दा उठेको पाइएन। तसर्थ, पालिकाले काटिएका तर पालिकामा नबुझाइएका नगदी रसिद फिर्ता लिई उठाएको राजस्व यकिन गरी तथा वडा कार्यालयको अभिलेखको परीक्षण समेत गरी नउठेको राजस्व यकिन गरी सम्बन्धितबाट असुल गरी दाखिला गराउनुपर्दछ। | |
| ४६ | | | **कार्यक्रम अभिलेख खाता**<br><br>सार्वजिनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, चेतना जागरण जस्ता तालिम सञ्चालन, चेतनामूलक सूचना/विज्ञापन/रेडीयो कार्यक्रम जस्ता कार्यमा खर्च शिर्षक नं २२५०० कार्यक्रम सम्बन्धी खर्च शीर्षकवाट यस वर्ष गाउँपालिका चालु तर्फ रु. ९०,७१,५७०.६६ खर्च भएको देखिन्छ । यस्ता कृयाकलापमा खर्च गर्दा भएको खर्च र उपलव्धी देखिने गरी कार्यक्रम अभिलेख खाता राख्ने गरेको छैन । कार्यक्रम अभिलेख खाता नराखेको कारण खर्च रकमबाट प्राप्त उपलव्धी मापन गर्न सकिने आधार भएन । त्यसैले यस्ता कार्यक्रम सञ्चालन गरी खर्च गर्दा खर्च र उपलव्धी स्पष्ट देखिनेगरी अभिलेख राख्नु पर्दछ । | |
| ४७ | | | **कार्यक्रम अभिलेख खाता**<br><br>१४९।०३।१३ सशर्त चालुः कन्टिन्जेन्सी खर्च शिर्षकबाट सम्झौतामा गाउपालिकाले कार्यालय सञ्चालनका लागि भाडामा लिएको घरको घरधनी स्वयमले रङ रोगन गर्नुपर्ने व्यवस्था उल्लेख भएको देखिन्छ । यसरी भवन भाडा वापत लिएको इन्दिरा दंगालको घर रङ रोगनमा रु ४५०००। र दुर्गा दाहालको घर रङरोगनमा रु ७०००० खर्च गरेको देखिन्छ । कार्यालयलाई थप व्यवभार भएको रकम रु ११५००० असुल उपर हुनुपर्नेछ । | ११५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **प्रदेश हस्तान्तरण चालुः**<br><br>८।३।२५ सुगम सेल्सबाट रु.१५०४०३ खेलकुद सामाग्री वडा नं २ बाट खरीद गरेकोमा हस्तान्तरण नभएको । चतुरमान राजवंशी गोल्डकप फुटबल प्रतियोगिताका लागि रु.१५०००० विनियोजन भएकोमा सो कार्यक्रम सम्पन्न हुन नसकी अन्य प्रयोजनमा खर्च भएको छ ।<br><br>गत वर्षको दायित्व भुक्तानीः १० औ नगरसभाबाट रु.१ करोड ८९ लाख गत वर्षको भुक्तानीका लागि बजेट विनियोजन भएकोमा ११ औ नगरसभामा संशोधति सहति रु.३ करोड ७ लाख ८ हजार बजेट विनियोजन गरेको छ । कुल बजेट रु ४९ करोड ६ लाख १६ हजार रहेकोमा ६.२६ प्रतिशत गत वर्षको दायित्वमा नै बनेट विनियोजन भई खर्च भएको छ । समयमै योजनासम्पन्न गरी बहुबर्षिय दायित्व घटाउनुपर्दछ । | |
| ४९ | | | **पदाधिकारी यातायात खर्च**<br><br>गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (क) को क्र.सं. ११ मा सवारी साधन सुविधा नलिएका पदाधिकारीहरु अध्यक्ष र उपाध्यक्ष, वडाध्क्षय, कार्यपालिका सदस्य तथा वडा सदस्यहरुलाई क्रमश मासिक रु १००००/- ४०००/- २५००/- र २०००/- यातायात खर्च सम्बन्धी व्यवस्था गरेको छ । गाउँपालिकाको जिन्सी अभिलेख अनुसार देहायका पदाधिकारीहरुले मोटरसाईकल बुझिलिई सवारी साधन सुविधा लिएको र मासिक रुपमा यातायात खर्च समेत भुक्तानी भएको देखिएकोले दोहोरो सुविधा उपलब्ध भएको हुँदा दोहोरो सुविधा लिने पदाधिकारीहरूबाट निम्नानुसारको रकम असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु<br><br>सि.नं. \| पदाधिकारीको नाम \| मासिक रु \| ८ महिनाको जम्मा | १२६,७२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१</td><td>त्रिलोचन सापकोटा</td><td>४०००।-</td><td>३१६८०।-</td></tr>
<tr><td>२</td><td>राजेन्द्र योङहाङ</td><td>४०००।-</td><td>३१६८०।-</td></tr>
<tr><td>३</td><td>रोशन शिवाकोटी</td><td>४०००।-</td><td>३१६८०।-</td></tr>
<tr><td>४</td><td>शेर बहादुर नेम्वाङ</td><td>४०००।-</td><td>३१६८०।-</td></tr>
<tr><td></td><td></td><td></td><td>१२६७२०।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>मर्मत खर्चः<br><br>त्यस गाँउपालिकामा १ स्कर्पियो, १ व्याकलोडर, २० मोटरसाइकल र १ स्कुटर लगायत अन्य स्थिर सम्पतिहरु रहेको छ । यो वर्ष मेशिनरी, सवारी साधन मर्मत र निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार शिर्षकमा रु.१५७०७३०।- र मेशिनरी तथा औजार मर्मत सम्भार/सञ्चालन खर्चमा रु ७००००० खर्च लेखेको देखिन्छ । अधिकाशं खर्च गाडी र मोटरसाइकलमा मर्मतमा खर्च गरेको देखिन्छ । महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा मर्मत सम्बन्धी अभिलेख नराखेकोले कुन कुन सवारीसाधन/मोटरसाइकल / प्रिन्टर / इन्भटर लगायत कार्यालयको जिन्सी मर्मत गरिएको हो सो एकिन गर्न सकिएन । गाडी र मोटसाइकल संख्याको आधारमा मर्मत खर्च अधिक देखिएको छ । गाउँपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अनिवार्य रुपमा राखि मर्मत खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>जाग्रिती क्याम्पसलाई बहुमुखी क्याम्पस<br><br>आ व २०७८।०७९ को लागि १० औ गाउँसभावाट पारितमा भएको नीति तथा कार्यक्रम मध्ये जाग्रिती क्याम्पसलाई बहुमुखी क्याम्पसको रुपमा विकास गरिने, स्वदेशी तथा विदेशी लगानी भित्र्याई स्थानीयस्तरमा उद्योगधन्दा,कलकारखानाको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थापना गर्न चाहाने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहित नीति लिईने, अनिवार्य स्वास्थ्य विमा गर्नुपर्ने व्यवस्था, सबैलाई सिप सवैलाई रोजगार कार्यक्रम जस्ता नीतिहरु लिएता पनि कार्यान्वयन पक्ष कमजोर देखिएकोले कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रमको घोषणा र कार्यान्वयनमा पालिकाको ध्यानाकर्षण हुनु पर्ने दखियो । | |
| ५२ | | | **कन्टिन्जेन्सी खर्च**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) बमोजिम योजनाको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागी २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशत गरी जम्मा ४ प्रतिशत कन्टिन्जेन्सी वापत रकम छुटयाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न पूँजिगत शिर्षकबाट योजनाको लागतको २.५ प्रतिशत रकम कट्टा गर्ने गरेको पाइयो । पालिकाले यस वर्ष कार्यविधि समेत नबनाई कन्टिन्जेन्सी शिर्षकबाट रु.४६,१५,६७५.५५ खर्च लेखेको पाइयो । आयोजनागत कन्टिन्जेन्सी खर्च विवरण राखेको छैन । पालिकाले यसरी कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यविधि स्वीकृत गरी सोही व्यवस्थाको आधारमा अभिलेख राखि खर्च गर्नुपर्दछ । | |
| ५३ | | | **साना / टुक्रे योजना छनौट र कार्यान्वयन-**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजनाछनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक योजना २०७८।७९ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाख सम्म</td><td>रु २ लाख देखि ५ लाख सम्म</td><td>रु ५ लाख देखि १० लाख सम्म</td><td>रु १० लाख बढीका</td><td>जम्मा</td></tr>
<tr><td>६</td><td>१३</td><td>२६</td><td>१०</td><td>२३</td><td>७८</td></tr>
</table>
उल्लिखित विवरण अनुसार गाउँपालिकाले यस बर्ष रु १ लाख भन्दामुनीका ६ वटा योजना र १० लाखभन्दा माथिका २३ वटा मात्र योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजना सञ्चालन गर्दा कार्यालयका जनशति बर्षैभरी योजना व्यवस्थापन खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>
अधुरो आयोजनाः<br><br>
आर्थिक कार्यविधि नियमावली २०७७ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने त्यस्तो समिक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले वडाका योजनाहरु छनौट गर्दा सम्पूर्ण कार्य सम्पन्न हुने गरी बजेट व्यवस्था गरी सोही अनुसार कार्य गर्नु गराउनुपर्नेमा योजनाहरु अधुरा रहेको पाइयो । अधुरा योजनाहरुलाई प्रत्येक आवमा सानो सानो रकमको व्यवस्था गरी पुरा गर्ने गरेको पाइयो । यसरी बजेट छरी अनुत्पादक क्षेत्रमा बजेट सक्ने परिपाटीको अन्त्य हुनुपर्दछ । साथै योजना सम्पन्न गर्न आवश्यक बजेटको सुनिश्चितता गरी योजनाको छनौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><td>क्र स</td><td>कामको विवरण</td><td>निर्माण व्यवसायीको नाम र ठेगाना</td><td>सम्झौता मिति</td><td>काम समाप्त गर्नुपर्ने मिति</td><td>यो वर्षसम्म भुक्तानी रकम</td><td>भौतिक प्रगति</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | Construction Of Blacktopped Road At Ward no 4.(Mangalbare Badabari Hudai Pathibhara Paryatakiya Chetrabata Oli Chok Tarfa and Kedar Uppretiko Gharbata Bodosha Chok Hudai Kanchanshree Chandra Marga Jodne Sadak) | Kankai International Builder pvt ltd | 2077-12-27 | 2079-08-30 | 3955000 | 35 | |
| | | | ३ | Construction Of Blacktopped Road At Ward No 3. (Kulunge Chock Bata Dhaduwa hudai Jamba Chok PAschim Hulaki Rajmarga Jodne Sadak) | Dragon New shiva Sakti Jv | 2077-12-23 | 2079-08-30 | 13251288.98 | 40 | |
| | | | ४ | Construction Of Blacktopped Road At Ward no 1.(Janajagriti Ma Bi bata Kirat Chok Hudai Latiholi Jodne Sadak ra Chakla Chock Bata Daschid Yog Prasad Bhattaraiko Ghar Hudai Ram Janaki Mandir Samma Jane Sadak) | Dev & Sayar/Sara Shristi/YPR JV | 2078-01-03 | 2079-08-30 | 22487387.58 | 30 | |
| | | | ५ | Construction of Children Park At Sahid Smriti Loktantrik Park, Haldibari-2 | cm/Karma Jv | 2078-03-28 | 2080/02/30 | | 10 | |
| | | | ६ | Construction of Primary Hospital 15 Bedded (Type B-1) at Haldibari Rural Municipality, Jhapa | Lama-Universal JV | 2078-03-08 | | 7208560.22 | 20 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | CONSTRUCTION OF RCC TRUSS BUILDING OF THE OFFICE OF HALDIBARI RURAL MUNICIPALITY | Kirateshwar construction ans driling company | 2019-05-15 | 2079-03-23 | 37229968.53 | 80 | |
| | | | ८ | CONSTRUCTION OF SAHID SMRITI LOKTANTRIK PARK AT BHELAGUDI JUNGLE. | cm/r&c/nayayug jv | 2019-09-19 | 2079-10-30 | 37928286.6 | 70 | |
| | | | ९ | Construction Of Blacktopped Road and Drain From Peepal Chock-Haldibari Chock-Bhelagada Chock-Garamuni Road | Dhulikhel Jhapali Jv | 2077-03-23 | 2079-10-30 | 30413315.61 | 85 | |
| | | | १० | Construction Of RCC Irrigation Canal at Bhutteni Bhususdi River | Giriraj Nirman Sewa | 2078-08-28 | 2079-07-30 | 5351401.92 | 60 | |
| | | | ११ | Construction of RCC Irrigation Canal at Bhutteni River and Bhusudi River.(Phase II) | Evergreen Construction | 2078-10-25 | | 5537186.44 | 85 | |
| | | | १२ | Construction Of Multipurpose Commercial Market Building at Mangalbare Bazaar | Maa Shakhada Bhagawati Construction and Company Pvt. Ltd | 2078-08-26 | 2079-03-20 | 1702677.44 | 80 | |
| | | | १३ | Construction of Single storey RCC building at Laxmi Madhyamik Vidyalaya | Sara Shristi Nirman Sewa PVT LTD | 2078-08-26 | 2079-03-20 | 2087790.32 | 80 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४</td><td>Road Maintainance Work at Different Location In Haldibari Rural Municipality (Phase 2)</td><td>Kumbakarna Construction</td><td>2079-03-19</td><td></td><td></td><td>70</td></tr>
<tr><td>१५</td><td>Construction of Dibjyoti Yuba club karyalaya bhawan and Srijana Yuba Club Karyalaya Bhawan at ward no 4 and 1</td><td>Gajurel and Gautam Nirman Sewa Pvt LTD</td><td>2079-01-04</td><td></td><td></td><td>30</td></tr>
<tr><td>१६</td><td>Construction of Embankment Filling at Proposed 13 Truss Building (Community Housing) at Haldibari-2</td><td>Gajurel and Gautam Nirman Sewa Pvt LTD</td><td>2079-01-04</td><td></td><td>369494</td><td>60</td></tr>
<tr><td>१७</td><td>Construction Of Blacktopped Road and Drain from RamailoChowk-Baghdada-LaxmiMa.Bi-Parakhopi-Garamuni Road</td><td>world wide Bright karma jv</td><td>2019-06-07</td><td>2079-07-30</td><td>48011541.42</td><td>85</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>वितरण गर्न बाँकीः<br><br>७१।३।२४ नविकरणीय उर्जा प्रविधि जडान सौर्य उर्जा कार्यक्रमका लागि डिप लाइट इनर्जी प्रालिबाट रु ७९२००० को ८८ थान सोलान प्यानल खरीद भएकोमा १७ थान सोलार प्यानल वितरण नभई कार्यालयमै रहेको पाइएकोले सोको वितरण गर्नुपर्ने देखिन्छ ।</td><td>१५३,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान —<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणममूखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने</td><td>१५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष सिमित व्याक्तिहरुले मात्र लाभ पाउने नाफामुखी श्री एकता बहुउद्धेश्यीय सहकारी संस्था लि. गो.भौ.नं. २६ र ५५८ बाट रु.५०००० अनुदान उपलब्ध गराएको रकम नियमसंगत नदेखिएको रु. | |
| ५७ | | | **बैठक भत्ताः**<br><br>पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रु २५,३६,०००.०० खर्च गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छः<br><br>• पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।<br><br>• बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छैन।<br><br>• बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • एकै दिन दुई भन्दा बढी बैठक आयोजना गरी भत्ता भुक्तानी भएको।<br><br>• विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।<br><br>तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ । | |
| ५८ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| ५८.१ | | | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५,सामाजिक सुरक्षा नियमावली२०७६,विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१७७९५२३३७/-प्राप्त भएको मध्ये कुल ५ वडामा सामाजिक सुरक्षा भत्ता बापत रिभर्स फिड अनुसार रु १७७३१२२७१ वितरण गरेको देखिन्छ । रिभर्स फिड अनुसार रु ६४००६६ खर्च नभई बाँकी देखिएकोमा बैंकले रु ४४२०३९।९२ सँघिय सञ्चितकोष फिर्ता गरेको छ । फरक परेको रु १९८०२६।०८ एकिन गर्नुपर्ने रु | १९८,०२६.०८ |
| ५८.२ | | | बढी भुक्तानीः सामाजिक सुरक्षा भत्ताबापत यस गाउँपालिकाबाट ४ वटै त्रैमासिकमा वितरण गरिएको भर्पाई र पालिकाबाट पेश भएको लगतकट्टा र मृत्यु दर्ता विवरणलाई आधारमा मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले थप छानबीन गरी असुल गर्नुपर्ने देखिएको रु– | २६१,७३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| वडा नं | लाभग्राही को नाम | समुह | खाता नं | पाउने | दिएको | बढी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उमा नाथ त्रिताल | अन्य जेष्ठ नागरिक भत्ता | 2610800100778000000 | १४६७ | २४०० | २२५३३ | मिति २०७८।१०।११ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै र चौथो त्रैमासिकको मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | धन माया पौडेल | अन्य जेष्ठ नागरिक भत्ता | 2610800101577000000 | १०६७ | २४०० | २२९३३ | मिति २०७८।१०।८ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै र चौथो त्रैमासिकको मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | खड्ग प्रसाद उप्रेति | अन्य जेष्ठ नागरिक भत्ता | 2610800101012000000 | २००० | २४०० | २२००० | मिति २०७८।१०।१५ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै र चौथो त्रैमासिकको मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | चन्द्र कला अधिकारी | अन्य जेष्ठ नागरिक भत्ता | 2610800101895000000 | ४६६७ | १२००० | ७३३३ | मिति २०७८।११।०५ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | रेनुका अधिकारी | अन्य जेष्ठ नागरिक भत्ता | 2610800103295000000 | १०६७ | २४०० | २२९३३ | मिति २०७८।१०।८ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै र चौथो त्रैमासिकको मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>नर माया संग्रौला</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>2610800101317000000</td><td>१४६७</td><td>२४०००</td><td>२२५३३</td><td>मिति २०७८।१०।११ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै र चौथो त्रैमासिकको मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>लक्ष्मी धोज लिम्बु</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>2610800111689000000</td><td>५४६७</td><td>१२०००</td><td>६५३३</td><td>मिति २०७९।०२।११ मा मृत्यु भएकोमा चौथो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>विर बहादुर राई</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>2610800109885000000</td><td>२६६७</td><td>१२०००</td><td>९३३३</td><td>मिति २०७८।१०।२० मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>डुक माया ढकाल</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>2610800101395000000</td><td>०</td><td>२४०००</td><td>२४०००</td><td>मिति २०७८।८।२७ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै र चौथो त्रैमासिकको मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>ऐत रानी लिम्बु</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>2610800102814000000</td><td>०</td><td>२४०००</td><td>२४०००</td><td>मिति २०७८।९।१६ मा मृत्यु भएकोमा तेस्रो त्रैमासिकको पुरै र चौथो त्रैमासिकको मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>छल माया बुढाथोकि</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>2610800099871000000</td><td>४०००</td><td>१२०००</td><td>८०००</td><td>मिति २०७८।४।२८ मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मण गुरुङ्ग | अन्य जेष्ठ नागरिक भत्ता | 2610800101889000000 | ६००० | १२००० | ६००० | मिति २०७८।५।१५ मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | रेनुका देवी खड्का | अन्य जेष्ठ नागरिक भत्ता | ##################### | २००० | १२००० | १०००० | मिति २०७८।४।१६ मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | टेक बहादुर दाहाल | अन्य जेष्ठ नागरिक भत्ता | 2610800101431000000 | ० | १२००० | १२००० | मिति २०७८।३।२४ मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | मसिनी नाल्बो | अन्य जेष्ठ नागरिक भत्ता | 2610800152777000000 | ० | १२००० | १२००० | मिति २०७८।३।३।२८ मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| १ | नर जुगं राउत | अन्य जेष्ठ नागरिक भत्ता | 2610800102773000000 | २६६७ | १२००० | ९३३३ | मिति २०७८।४।२० मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |
| २ | पदम कुमारी राई | अन्य जेष्ठ नागरिक भत्ता | 630100000524033 | ६००० | १२००० | ६००० | मिति २०७८।५।१४ मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>दिल कुमारी गौतम</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>630100000693033</td><td>६६६७</td><td>१२०००</td><td>५३३३</td><td>मिति २०७८।५।२० मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
<tr><td>२</td><td>लिला प्रसादअधिकारी</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>630100000630033</td><td>३०६७</td><td>१२०००</td><td>८९३३</td><td>मिति २०७८।४।२३ मा मृत्यु भएकोमा पहिलो त्रैमासिकको पुरै मृत्यु दर्ता मितिसम्म भत्ता निकासा</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५०२७०</td><td>३१२०००</td><td>२६१७३०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.३</td><td></td><td></td><td>
सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएका व्यहोराहरु
<ul><li>लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको लगत कट्टाको तपसिलको विवरण कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरि लगत कट्टा हुनुपर्ने सबै लाभग्राहीको भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । लगत कट्टा समयमै अद्यावधिका गरि मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।</li></ul>
<table>
<tr><th>वडा नं</th><th>लगत कट्टा संख्या</th></tr>
<tr><td>१-५</td><td>२१०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।<br>• **एम.आई.एस. विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।<br>• **प्रतिवेदनः** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।<br>• **हिसाब फरफारखः** सामाजिकसुरक्षाभत्तावितरणकार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफारख गरेको देखिएन। यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको भत्ता रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ ।<br>• सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन ।<br>• मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।<br>• बैंक मार्फत वितरण भएको भत्तामा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा बालिक भई उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था पंञ्जिकरण कार्यविधिमा उल्लेख भएकोमा पालिकाले बैंकलाई यस सम्बन्धमा जानकारी नै दिएको देखिएन ।यस्तो खाताको अनुगमन गरी रकम फिर्ता गर्नुपर्दछ ।<br>• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसूची ७ र ८ अनुसूची मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant खाताको विवरण केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant खाताको विवरण सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैंकले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormant खाताको विवरण गाउँपालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | एकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार गाउँपालिकाले उक्त बैंकसँग Dormant खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।<br>• **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।<br>• **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।<br>• **अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **जागृती क्याम्पसको अधुरो भवन निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । जागृती क्याम्पसको अधुरो भवन निर्माण कार्य गर्दा कार्यालयले निर्माण व्यवसायी र उपभोक्ता समितिबाट विश्वविद्यालय अनुदान आयोगको थप कार्य गरेकोमा कुन कार्य कस्ले गरेको अभिलेख राखेको छैन ।<br><br>• विश्वविद्यालय अनुदान आयोगको दुई पटक विल तयार गरेकोमा First class local brick work 21.68m3 को कार्य दोहोरो भुक्तानी गरेकोले सम्बन्धितलाई जवाफदेही बनाई प्रति धनमिटर रु.१४४२७ को दरले हुने रकम असुल गर्नुपर्ने रु. **३१२७८९**<br>• भवनको डण्डीको कार्य ड्रइङ भन्दा (४२.१३ — ४९.४२१m3) ७.२९१m3 बढी कार्य गरेको देखिएकोले बढी देखिएको परिमाण रु.१२४५८.५० दरले हुने रकम असुल गर्नुपर्ने रु.**९०८३४.९२** | ४०३,६२३.९२ |
| ६० | | | **ठेक्का व्यवस्थापन पक्षका कमजोरीहरु**<br><br>पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः<br><br>• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,<br>• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।<br>• भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।<br>• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।<br>• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।<br>• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।<br>• तयार गरिएका अभिलेखहरु खोजेका बखत तुरुन्त प्राप्त हुन सक्ने गरी फाइल व्यवस्थापन नगरेको ।<br>• समयमै कार्य तालिका बमोजिम कार्य नगर्ने ठेकेदारलाई कानून बमोजिम जिम्मेवार बनाउन नसकेको ।<br>• अधुरो ठेक्का तोडी कालो सूचिमा राख्ने कार्वाही अगाडी नबढाएको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्नेमा नतोकेको ।<br>पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराखिएकोले सबै आयोजना मितव्ययी र दक्षतापूर्ण तरिकाले कार्यान्वियन भए नभएको सम्बन्धमा बिष्लेषण गर्न सकिएन ।तसर्थ उपर्युक्त कमजोरीहरु समयमै सुधार हुनुपर्दछ । | |
| ६१ | | | **सार्बजनिक निर्माण ब्यबस्थापन**<br><br>सार्बजनिक निर्माण ब्यबस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छनः-<br>**निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन।यस पालिकाले गत विगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।<br>**गुणस्तर परिक्षण-** सार्बजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित बिभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण भएको प्रमाण पेश भएको पाईएन । साथै उपभोक्ता समिति | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तर्फको काममा समेत निर्माण सामाग्री तथा निर्माण कार्यको परीक्षण गरेको प्रमाण पेश भएको पाईएन । जसबाट सार्बजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।<br>**बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागिअनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।<br>**खरिद कारबाहीको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ (१) मा गाउँपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राख्नु पर्ने कागजातको सूची उल्लेख छ । गाउँपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ ।<br>**कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नुपर्ने र निर्माण गरिएको संरचना उदेश्य अनुरुप सञ्चालन गर्न उपर्युक्त छ भन्ने कुरा संरचनाको उपर्युक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । गाउँपालिकाले कतिपय निर्माण कार्य स्वीकार्दा उपर्युक्तताको परीक्षण गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेको पाइएन । कार्यालयले अन्तिम भुक्तानी दिदा कार्य स्वीकार प्रतिवेदन तयार गरेर मात्र दिनुपर्दछ ।<br>**एज विल्ड नक्साः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०५(१) खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यावसायीले निर्माण भए बमोजिमको (एज विल्ड) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले निर्माण सम्पन्न गरेका योजनाको तोकिए बमोजिमको एज विल्ड नक्सा पेश गर्ने गरेको देखिएन।नियमको पालना नगर्नु यसको कारण हो।एज विल्डको नक्साको अभावमा भविष्यमा उक्त निर्मित संरचनाको मर्मत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संभार लगायतका क्रियाकलाप गर्न असहज हुने हुन्छ। अतः सम्झौता बमोजिम निर्माण गरिएको संरचनाको कार्य सम्पन्न भएको तीस दिन भित्र एज विल्ड नक्सा लिनुपर्ने देखिन्छ । | |
| ६२ | | | **कार्यसम्पादन प्रतिवेदन**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा उल्लेखित कार्यसम्पादन प्रतिवेदन सम्बन्धी व्यवस्था बमोजिमको कार्य नभई कार्यसम्पादन प्रतिवेदन जारी गर्ने सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्ने व्यवस्था भएकोमा योजनाको लागत अनुमान भन्दा ८० प्रतिशत भन्दा कम कार्य गर्दा समेत कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।<br><br>योजनाको नाम / लागत अनुमान रकम / खर्च रकम / खर्च प्रतिशत<br>चतुरमान राजवंशी प्रतिष्ठान भवन / १०२९१६६.६७ / ५२९२०० / ८.५८ | |
| ६३ | | | **सिर्जनसिल आमा समुहको अधुरो भवन**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । सिर्जनसिल आमा समुहको अधुरो भवनको निर्माण कार्य उपभोक्ता समिति मार्फत गरेकोमा निम्नानुसार पाइयो । | |
| ६३.१ | | | Roadway excavation को कार्यको नापी कितावमा १६२५m3 कार्य देखाएको तर विलमा २१६७.०२ m3 देखाएकोले ५४२.०२ m3 बढी कार्य देखाएकोले रु. ७९.१० को दरले हुने रकम असुल गर्नुपर्ने रु. ४२८७२/- | ४२,८७२ |
| ६३.२ | | | Subbase गर्ने कार्यको विल समावेश नगरेकोले यथार्थ कार्य गरेको हो होइन यकिन गर्न सकिएन रु. **५३४८४०/-** | ५३४,८४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>गरमकालीको अधुरो भवन निर्माण कार्य<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । गरमकालीको अधुरो भवन निर्माण कार्य गर्दा गत वर्षको नापी किताव अनुसार जमिन लेभल देखि ०.४५ मिटर उचाईमा Foundation खनेकोमा ०.३० मिटर Tie beam र Ground level देखि ०.५५ मिटर उचाईमा Stone soling ०.१५ मिटर घटाउँदा ०.७० मिटर उचाई मात्र दिनुपर्नेमा Earthwork filling गर्दा निम्नानुसार बढी Filling देखाएको बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><td>उचाई</td><td>चौडाई</td><td>हुनुपर्ने उचाई</td><td>देखाएको</td><td>परिमाण</td></tr>
<tr><td>२६.५</td><td>८</td><td>०.७</td><td>१.२</td><td>१०७</td></tr>
<tr><td>२६.२५</td><td>१३.२५</td><td>०.७</td><td>०.९</td><td>६९.५६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७५.५६$m^3$</td></tr>
<tr><td colspan="4">दर</td><td>७०९.४३</td></tr>
<tr><td colspan="4">कुल जम्मा</td><td>१२४५५२.८१</td></tr>
</table></td><td>१२४,५५२.८१</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>Road maintainance work at different location in Haldibari-5<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Road maintenance work at different location in Haldibari-5 को कार्य दिव्यज्योती कन्ट्रक्सनले रु.४४०१५७६/- मा कार्य गरेकोमा Existing gravel road मा grading गरी</td><td>१,३३४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>roller ले compaction गरेको पाइयो । पहिले compaction गरेको स्थानमा खाल्डाखुल्डी मात्र टाल्नुपर्नेमा पुरै कार्य गराउदा रु.१३३४०००/- व्ययभार परेको छ । साथै उक्त कार्यको नापजाँच समेत विस्तृत रुपमा नगरेको रु.</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>Construction of Blacktopped at ward no. 3 Majorni Choke Uttar kantar guttu</td><td></td></tr>
<tr><td>६६.१</td><td></td><td></td><td>Road excavation र Filling को Cross section drawing पेश नगरेको रु.
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>Roadway excavation</td><td>८३५.५</td><td>६०</td><td>५०१३०</td></tr>
<tr><td>Filling</td><td>२३२०</td><td>३४०</td><td>२३५४०</td></tr>
<tr><td>कुल जम्मा</td><td></td><td></td><td>73670</td></tr>
</table></td><td>७३,६७०</td></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>Sub grade र Subbase As per drawing 6m हुनुपर्ने 6.5m देखाएकोले निम्नानुसार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. 161367.36
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>Sub grade</td><td>1947$m^2$</td><td>5</td><td>9735</td></tr>
<tr><td>Subbase</td><td>349.40$m^3$</td><td>700</td><td>151632.36</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>161367.36</td></tr>
</table></td><td>१६१,३६७.३६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६.३</td><td></td><td></td><td>नाला निर्माणको ड्रइङ पेश गरेको छैन । साथै Hume pipe culvert को चेनेज खुलाएको छैन ।<br>स्थलगत परीक्षण गर्दा Subbase र base course thickness 0.35 हुनुपर्नेमा ०.१० देखि ०.१५ सम्म देखिएको साथै चौडाई पनि ६.५ मिटर हुनुपर्नेमा ६ मिटर मात्र देखिएको Premix carpet 0.03 हुनुपर्नेमा 0.02 देखिएकोले कार्यालयले विस्तृत रुपमा पुनः नापजाँच गरी परिमाण यकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>Construction at single story RCC ward building-5<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction at single story RCC ward building-5 को कार्य गजुरेल निर्माण सेवाले रु.५४७०६५३/- गरेकोमा Brick masonry को कार्य गर्दा निम्नानुसार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.<br><table>
<tr><th>परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>५$m^3$</td><td>७५००</td><td>३७५००</td><td>Foundation मा १.४२५ मिटर उचाई हुनुपर्नेमा १.६ मिटर देखिएकोले बढी भएको</td></tr>
<tr><td>३.४$m^3$</td><td>८५००</td><td>२८९००</td><td>Ground floor को Superstructure मा २.४३५ उचाई दिनुपर्नेमा २.७ दिएकोले बढी भएको</td></tr>
</table></td><td>६६,४००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>रमाइलो चोक-बुधबारे-लक्ष्मीमार्ग-पाराखोपे सडक<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले योजनाको भुक्तानी दिएको विल तथा नापी परीक्षण गर्दा कुन कुन स्थानमा के कति परिमाण राखिएको विस्तृत नापी गर्दा Cross section drawing राखेर भुक्तानी</td><td>१,३३२,९२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्दछ । रमाइलो चोक-बुधबारे-लक्ष्मीमार्ग-पाराखोपे सडकको कार्य world wide bright karma JV ले गरेकोमा Cross section drawing र चेनेज नखुलेको रु.<br><table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>Roadway cutting</td><td>४२२९.७५</td><td>८०</td><td>३३८३८०</td></tr>
<tr><td>Filling</td><td>२७६२.१८</td><td>२५०</td><td>६९०५४५</td></tr>
<tr><td>Hume pipe culvert</td><td>८</td><td>३८०००</td><td>३०४०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१३३२९२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>मेलागाउँ लोकतान्त्रिक शहिद स्मृती पार्क<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमन तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । मेलागाउँ लोकतान्त्रिक शहिद स्मृती पार्क निर्माणको कार्य सि.एम.आर एण्ड सि/ नयाँयुग जे.भि.ले गरेकोमा निम्नानुसार पाइयो ।</td><td></td></tr>
<tr><td>६९.१</td><td></td><td></td><td>Stone masonry को Excavation in river side pond को कार्य गर्दा मेसिनको प्रयोग गरेको जवाफ कार्यालयबाट प्राप्त भएको र लागत अनुमान तयार गर्दा मानिसको समावेश गरेको हुनाले (414.58-74.82) रु. ५४२९१९/- को दरले बढी भएकोमा निर्माण व्यवसायीले घटेको प्रतिशन २४.०८ ले हुने रु.१३०९३४/- हुने रकम असुल गर्नुपर्ने रु.</td><td>१३०,९३४</td></tr>
<tr><td>६९.२</td><td></td><td></td><td>असम्बन्धित शिर्षकबाट खर्चः संघीय सरकारबाट प्राप्त बजेट खर्च गर्दा तोकिएको नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय सरकारबाट प्राप्त बजेटमध्ये तपसिलको भौचर नं र मितिबाट तोकिएको शिर्षक बाहेकमा रकम खर्च लेखेको</td><td>२५४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिका लगायतको तोकिएको नर्म्समा तोकिएको कृयाकलाप/शिर्षक फरक गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु | |

| भौ.नं. र मिति | खर्च लेखेको कृयाकलाप |
|---|---|
| १४४।३।२३ | केशवेसका आधारमा जोखिम भत्ता लगायत कर्मचारी व्यवस्थापन र सोसँग सम्बन्धित औषधी एवं औषधीजन्य सामाग्री समेत आवश्यक व्यवस्थापन |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **नापी किताबको मूल्याङ्कन भन्दा वढी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी कार्यविधि रहेको छ । साथै नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । देहायका योजनाहरुमा उपभोक्ता समितिको विलसँग प्राविधिक मूल्याङ्कन फरक पेरेको देखिएकोले काम यकिन गर्न सकिएन । अतः कार्यालयले काम र विलको सामन्जस्य गर्नुपर्दछ । | |

| योजनाको नाम | कामको विवरण | हुनुपर्ने | | | देखिएको | | | फरक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>झडकन वस्ती तामाङ चोक पश्चिम विजय लावतीको घरसम्म जोड्ने बाटो ग्राभेल</td><td>ग्राभेल</td><td>१८३.१० घ.मी.</td><td>९७९.३३</td><td>१७९३१५</td><td>२१०</td><td>९७९.३३</td><td>२०५६५९</td><td>२६.९</td><td>९७९.३३</td><td>२६३४३.९७</td></tr>
<tr><td>गोगेन्द्र उप्रेतीको घर पश्चिम नेत्र मार्ग जोड्ने बाटो ग्राभेल</td><td>ग्राभेल</td><td>३२९.२१ घ.मी.</td><td>९७९.३३</td><td>३२२४०५.२२</td><td>३९७.५०</td><td>९७९.३३</td><td>३८९२८३.६७</td><td>६८.२९</td><td>९७९.३३</td><td>६६८७८.४४</td></tr>
<tr><td>केश आमाको घर दक्षिण जाने बाटो मर्मत</td><td>ग्राभेल</td><td>३४३.३८</td><td>९७९.३३</td><td>३३६२८२.३३</td><td>२८०</td><td>९७९.३३</td><td>२७४२१२.४</td><td>६३.३८</td><td>९७९.३३</td><td>६२०६९.९३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>जडान प्रमाणित पेश हुनुपर्ने<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मुल्यांकनका</td><td>४१०,१५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नअनुसारको जिआई तार तथ ह्यूमपाईप खरिद गरेको छ। सामान खरीद गर्दा कुन कुन स्थानकोलागि आवश्यक भएको हो सोको निर्धारण नगरी, सामान प्रयोग गरी प्राविधिक मुल्यांकन नगरी खर्च गरेको छ। खरिद गरीएका निर्माण सामाग्री जडान प्रमाणित नगरी खर्च गरेको देखिएकोले कुन कुन योजनामा प्रयोग भएको हो जडान प्रमाणीत हुनुपर्ने रु
<table>
<tr><td>भौ नं</td><td>विवरण</td><td>रकम</td><td>ह्युमपाइप संख्या र स्पेशिफिकेसन</td></tr>
<tr><td>६६।१०।१७</td><td rowspan="5">मैनाचुली ह्युम पाइप उद्योग</td><td>२५५८३</td><td>१ वटा ३० सेमि</td></tr>
<tr><td>४७।८।१७</td><td>९५०००</td><td>१० वटा ३० सेमि</td></tr>
<tr><td rowspan="3">११०।१।४</td><td rowspan="3">२८९५७५</td><td>७५ सेमि ४ वटा</td></tr>
<tr><td>४५ सेमि ५ वटा</td></tr>
<tr><td>३० सेमि १७ वटा</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४१०१५८</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>Construction at blacktopped road-1<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम कार्यालयले निर्माण कार्यको ड्र्इङ्ग डिजाइन तयार गर्नुपर्दछ । गाउँपालिकाले योजनाको भुक्तानी दिएको विल तथा नापी परीक्षण गर्दा कुन कुन स्थानमा के कति परिमाण राखिएको विस्तृत नापी गर्दा Cross section drawing राखेर भुक्तानी गर्नुपर्दछ । Construction at blacktopped road-1 (जनजाग्रिती मा.वि.बाट किरात) को कार्य गरेकोमा Cross section drawing पेश नगरेको रु.</td><td>१७७,२९६.८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>कामको विवरण</td><td>परिमाण</td><td>दर</td><td>जम्मा</td></tr><tr><td>E/W excavation</td><td>१५५२.२८</td><td>६०</td><td>९३१३६.८</td></tr><tr><td>Filling</td><td>८४१.६</td><td>१००</td><td>८४१६०</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>१७७२९६.८</td></tr></table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>चेनेज र स्पेसिफिक स्थान<br><br>कार्यालयले विभिन्न सडक योजनाहरुमा सडक निर्माण गर्दा चेनेजको ०+००० को सुरु स्थान नलेखेको कहाँबाट सुरु भयो खुलेन । साथै अधिकांश योजनामा चेनेज र स्पेसिफिक स्थान खुलेको छैन । सडकमा मार्किङ समेत नगेकोले उक्त कार्य कहाँ गरेको खुल्दैन । साथै प्रत्येक वर्ष सोही सडकमा निर्माण कार्य गर्दा दोहोरो समेत हुन सक्ने देखियो ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>मू.अ.कर बिजक पेश नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न योजनाको लागत अनुमानमा मू.अ.कर रकम समावेश भएको तर बिल भुक्तानी गर्दा मू.अ.कर बिजक पेश नभएकोले उक्त रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.<table><tr><td>योजनाको नाम</td><td>कामको विवरण</td><td>समावेश मू.अ.कर रकम</td><td>प्राप्त भएको मू.अ.कर रकम बिजक</td><td>रकम</td></tr><tr><td>दिपेन्द्र मा.वि.मा चमेना गृह निर्माण</td><td>गारो लगाउने काम (इट्टा)</td><td>१६५००</td><td>-</td><td>१६५००</td></tr></table></td><td>२८९,६३०.१३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>सिमेन्ट</td><td>६००००</td><td>४३७३१</td><td>१६२६९</td></tr><tr><td>नव सिर्जना चमेना गृह निर्माण</td><td>काठ</td><td>१५०००</td><td>-</td><td>१५०००</td></tr><tr><td>जागृति क्याम्पस भवन निर्माण</td><td>काठ</td><td>१५०००</td><td>-</td><td>१५०००</td></tr><tr><td>वडा नं. २ भित्री सडक मर्मत</td><td>ग्राभेल</td><td>१००००००</td><td>८३३०३६</td><td>१६६९५४</td></tr><tr><td>चाराली चोक पश्चिम हुलाकी राजमार्ग जोड्ने सडक ग्राभेल</td><td>ग्राभेल</td><td>१००००००</td><td>९५२०९३.८७</td><td>४७९०७.१३</td></tr><tr><td>रामेश्वर प्रा.लि. चमेना गृह निर्माण</td><td>Aluminum</td><td>१२०००</td><td>-</td><td>१२०००</td></tr><tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२८९१३९.१३</td></tr></table> | |
| ७५ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब—कन्ट्र्याक्टरबाट गराउन सकिने छैन । देहायका योजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउदा निर्माण व्यवसायीबाट कार्य गरेको देखिएकोले यस प्रकारको कार्य नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>जम्मा मूल्याङ्कन रकम</th><th>निर्माण व्यवसायीको बिजक रकम</th></tr>
<tr><td></td><td>योगेन्द्र उप्रेतीको घर पश्चिम नेत्र मार्ग जोड्ने</td><td>सडक ग्राभेल</td><td>४१७६५९.४९</td><td>४१६१५९.८९</td></tr>
<tr><td></td><td>झडकन वस्ती तामाङ चोक दक्षिण विजय लावती को घर सम्म जाने बाटो ग्राभेल</td><td>सडक ग्राभेल</td><td>२४७९२०.१४</td><td>२३८६५९.९३</td></tr>
<tr><td></td><td>झापारोडबाट निर्माणाधिन वडा कार्यालय हुदै रमाइलो कालोपेत्र जोड्ने सडक ग्राभेल</td><td>ग्राभेल</td><td>२५२७७७९.६७</td><td>५९३२५०</td></tr>
<tr><td></td><td>कुवेत तिम्सीनाको घर देखि मच्छरझुला हुँदै मंगलबारे र सुपारी वगान दक्षिण देखि झापा रोड जोड्ने सडक ग्राभेल</td><td>ग्राभेल</td><td>१०८०२७१.७१</td><td>९७५८६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>मेसिनको प्रयोग<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमन तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction at Academic Block at Haldibari Secondary School को कार्य खडका कृष्ण रियर जे.भी.ले रु.२६२८९४१३/- मा गरेकोमा Site development को कार्य मानिसद्धारा गर्ने गरी लागत अनुमान तयार गरेकोमा मेशिनको प्रयोग गरेको कार्यालयको जवाफ प्राप्त भएकोले ६००.२१m3 को (४१४.५८-७४.८२-३३९.७६) रु. ३३९.७६ ले हुने रकम असुल गर्नुपर्ने रु.</td><td>२०३,९२७.३४</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>मान्छे र मेसिन दुवैको प्रयोग</td><td>२८०,१६९.८७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction at 15 bed Hospital Building in Haldibari को कार्य लामा युनिभर्सल जे.भी. ले रु. ३९०७९३०३/- मा गरेकोमा निम्नानुसार पाइयो ।<br>
1. E/W excavation in foundation को कार्यको लागत अनुमान गर्दा मानिसद्धारा गरेकोमा निर्माण कार्य गर्दा मेशिनको र मानिस दुवैको प्रयोग गरेको कार्यालयबाट जानकारी प्राप्त भएकोले २०/८० गर्दा रु.१४२.७७ को दरले भुक्तानी गर्नुपर्नेमा रु.४१४.५८ को दरले भुक्तानी गरेकोले प्रति घ.मी. २७१.८० को दरले ८५७.७३m3 हुने रकम असुल गर्नुपर्ने रु. २३३१३७.८७<br>
2. निम्नानुसारको कार्य ड्रइङ डिजाइन भन्दा बढी गरेको देखाएकोले कार्यालयले यकिन गरी असुल गर्नुपर्ने रु. ४७०३२
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>E/W excavation</td><td>२२.६८</td><td>१५०</td><td>३४०२</td></tr>
<tr><td>Stone soling</td><td>६.७०</td><td>१८००</td><td>१२०६०</td></tr>
<tr><td>PCC</td><td>४.५१</td><td>७०००</td><td>३१५७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४७०३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>
निमार्ण सामाग्रीको गुणस्तर परीक्षणः<br><br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान रकम</th></tr>
<tr><td></td><td>भित्री सडक मर्मत (वडा नं.२)</td><td>१८२८१९२.७२</td></tr>
<tr><td></td><td>चाराली चोक पश्चिम हुलाकी राजमार्ग जोड्नेसडक ग्राभेल</td><td>१२२२१९६.१९</td></tr>
<tr><td></td><td>सिर्जनशिल आमा समुहको अधुरो भवन निर्माण</td><td>१२१९०४०.२२</td></tr>
<tr><td></td><td>गाउँपालिका मार्ग निर्माण (जग्गादाताहरुबाट छनौट भएका योजना)</td><td>१८२७८९५.७७</td></tr>
<tr><td></td><td>हल्दीबारी कृषि बजार संकलन केन्द्रमा टहरा निर्माण</td><td>१८२८१२५</td></tr>
<tr><td></td><td>सहिद मार्ग शाखा मोहन टुङको घर दक्षिण नहर वा स्लाव कल्भर्ट निर्माण</td><td>१०८३३३६.५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>सावधिक जीवन बीमा योजनाः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम भुक्तानी गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रहि त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई र प्रमाणका आधारमा गर्नुपर्ने व्यवस्था उल्लेख छ।कार्यालयले कर्मचारीको तर्फबाट मासिक रुपमा रु ४००/- कट्टा गरी त्यतिनै रकम नेपाल सरकारले थप गरी नेपाल</td><td>२२,४०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सरकारबाट स्वीकृत भएको कोषमा जम्मा गरी |कर्मचारीको बीमा व्यवस्थापन गर्ने गरेको छ। तर पालिकाले लाईफ इन्सुरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको बीमा नविकरण शुल्क वापतको रसिद पेश गरी देहायको कर्मचारीहरुले पालिकाबाट भुक्तानी लिएको देखिन्छ । यसरी कार्यालयबाट व्यक्तिगत बीमाको प्रिमियम शुल्क भुक्तानीमा कुनै कानुनी आधार नदेखिएकोले असूल उपर गर्नुपर्ने रु<br><table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भजन बहादुर संग्रौला</td><td>७६७५</td></tr>
<tr><td>२</td><td>जय प्रसाद पोखेल</td><td>७७९०</td></tr>
<tr><td>३</td><td>राजन न्यौपाने</td><td>६९४४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२४०९</td></tr>
</table></td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>कार्यालय सामानः<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने ब्यवस्था छ। तर पालिकामा यस आ.व.मा वार्षिक आवशयक सामानहरुको यकिन र लागत अनुमान नगरी मुख्य कार्यालय र वडा कार्यालयबाट गरी टुक्रा रुपमा वार्षिक रु. ४३,९५,९८७। को मसलन्द तथा कार्यालय सामान खरिद गरेको छ । सार्वजनिक प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवद्र्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>थोपा सिचाइ कार्यक्रमः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पपर्धा सिमित हुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने रु ५ लाखभन्दा माथि रु २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एवं एउटा आपुर्तिककर्तासंग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले थोपा सिचाइ कार्यक्रममा विभिन्न कृषक।लाभग्राहीहरुलाई मोटर लगायत कृषि सामाग्री खरिद गर्नका लागि ५० प्रतिशत लागत साझेदारीमा अनुदान भुक्तानी भएकोमा उक्त कार्यक्रममा रु ४१५३०८१ खर्च भएको देखिन्छ । नमूना परीक्षण गर्दा कृषकहरुले छुट्टा छुट्टै विल भरपाई पेश गरेकोमा एउटै सप्लायर्ससँग खरिद ऐन र नियमावलीले तोकिएको सिमा भन्दा बढि हुने गरी भुक्तानी भएको देखिएको र सप्लायर्सले भुक्तानी बुझिलिएको प्रमाण समेत पेश नभएको अवस्था छ । खरिद ऐन नियमावली बमोजिम शिलबन्दी दरबाउपत्र बमोजिम प्रतिस्पर्धात्मक तवरले सामाग्री खरिद गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>फरक शिर्षकमा भुक्तानीः<br><br>६७०।०३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्वन्धीत खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले कर्मचारी तालिम खर्च र सभा सञ्चालन खर्च शिर्षकबाट रु ८०००० तपशिल अनुसार फरक शिर्षकमा भुक्तानी गरेकोले अनियमित देखिएको .<br><br><table><tr><td>जय लोकतन्त्र साप्ताहिक</td><td>९८५०</td></tr><tr><td>नेपाल लेखापढी व्यवसायी एसोशियन</td><td>१४७७५</td></tr></table></td><td>८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नया सन्दर्भ</td><td>९८५०</td></tr>
<tr><td>निर्माण लहर साप्ताहिक पत्रिका</td><td>१८७१५</td></tr>
<tr><td>मेभोस त्रैमासिक बुलेटिन</td><td>९८५०</td></tr>
<tr><td>साप्ताहिक बरुण</td><td>९८५०</td></tr>
<tr><td>साप्ताहिक समाचार</td><td>५९१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>मसलन्द तथा कार्यालय सामाग्री खर्चः<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा यस वर्ष रु १९९९९४५/- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई। प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८४ | | | **सभा सञ्चालन खर्चः**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा खर्च गर्दा मितव्ययी तवरले गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सभा सञ्चालनमा रु.२४९४२५।—खर्च गरेको देखिन्छ।यसरी गाउँपालिकाले सभा सञ्चालन गर्दा खर्चमा मितव्ययिता कायम नगरेको देखिन्छ। खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |
| ८५ | | | **ईन्धन खर्चः**<br><br>पालिकाको सवारीसाधनमा इन्धन वापत कर्मचारी तर्फमा रु १७५८०५०। र इन्धन पदाधिकारीमा रु ५,००,००० गरी कूल इन्धन खर्च रु.२२५८०५०।- खर्च भएको देखिन्छ ।पालिकाले सवारी लगबुक नराखी उक्त खर्च गरेको देखिन्छ। कुन सवारी साधनमा वर्षभरीमा के कति ईन्धन कून प्रयोजनमा खपत भएको हो खर्चको आधार प्रष्ट नभएको। गाउपालिकाको कार्यक्षेत्रमा मात्र उक्त इन्धन खपत हुने स्थिति नदेखिएकोले इन्धन सुविधा सम्बन्धमा मापदण्ड बनाइ खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |
| ८६ | | | **कार्ययोजना पेश नगरी हल्दीबारी माविलाई भुक्तानी**<br><br>५८।९।७ संघीय ससर्त अनुदान रकम जुन प्रयोजनका लागि आएको हो सोमा खर्च गर्नुपर्ने र खर्च भएको रकम संचितकोषमा फिर्ता गर्नुपर्दछ । यस गाउँपालिकाको नमूना विद्यालय भौतिक पूर्वाधार तर्फ हल्दीबारी माविलाई कार्यसम्पन्नका आधारमा अनुदान निकासा भएको खर्च नभएको रकम फिर्ता गरेकोमा आव ०७६।७७ को ससर्त पुंजीगत अनुदानबाट कम भुक्तानी भएको भनि रु१३८१००० विद्यालयलाई भुक्तानी दिएको छ । कार्ययोजना पेश नगरी गापा समानिकरण अनुदानबाट खर्च गरिएको रकम अनियमित देखिएको रु | १,३८१,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८७</td><td></td><td></td><td>

**शिर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्वन्धीत खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाले देहायबमोजिम फरक शिर्षकबाट खर्च भुक्तानी गरेको रकम नियमित गर्नुपर्ने

<table>
<tr><th>भौ र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>५३।१।१४</td><td rowspan="3">विपद व्यवस्थापन कोषबाट उपचार सहायता शिर्षकमा खर्च</td><td>२००००</td></tr>
<tr><td>५४।१।१७</td><td>३४५५</td></tr>
<tr><td>५५।१।१६</td><td>१६००००</td></tr>
<tr><td>१६२।३।१९</td><td>शान्ति प्रावि अधुरो भवन निर्माण समितिलाई गाउँपालिकाको कार्यालय भवन निर्माण आयोजना शिर्षकबाट भुक्तानी</td><td>३६०३१२</td></tr>
<tr><td>१८०।३।२४</td><td>राष्ट्रिय एकता प्राथमिक विद्यालय अधुरो भवन निर्माण समितिलाई गाउँपालिकाको कार्यालय भवन निर्माण आयोजना शिर्षकबाट भुक्तानी</td><td>३४८३६७</td></tr>
</table>

</td><td>१,७३१,८०९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>१९०। ३।२४</td><td>हर्ज इन्जिनियरिङ्ग प्रालिलाई जागृति क्याम्पस अधुरो भवन शिर्षकबाट भुक्तानी</td><td>१४७९४६</td></tr><tr><td>१९१। ३।२४</td><td>आक्वा फ्रेस नेपाल एण्ड सोलार प्रालिलाई सडक वत्ती जडान कार्यका लागि अल्या दायित्व, हल्दिवारी स्कुल चोक हुँदै गैगाबाध जोड्ने सडक कालोपत्रे शिर्षकबाट भुक्तानी</td><td>६९१७२९</td></tr><tr><td></td><td>जम्मा</td><td>१७३१८०९</td></tr></table> | |
| ८८ | | | **वडा संचालन खर्च**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं.38 मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । वडा संचालन खर्चको श्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ८९ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण २०७८-१०-०१ देखि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७९-०३-३१ अवधि सम्मको सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण र नियमित भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ । | |
| ८९.१ | | | सैद्धान्तिक बेरुजु<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन \|प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ गाउँपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन ।<br>हल्दीवारीगाँउकार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरु मार्फत कृषि उपकरणहरु (चापकटर, सिँचाइ मोटर, मकै रोप्ने मेशिन, मकै छोडाउने मेशिन, हाते ट्याक्टर) लगायतका मेशिनरी उपकरण वितरण भएको साथै अन्य अनुदान सामाग्रीहरु प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सार्वजनिक गरिनुपर्ने तथा दोहोरो पर्न सक्ने सम्भावित जोखिमलाइ मध्यनजर गरी अनुदान लाइ प्रभावकारी गराउनुपर्दछ ।<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई स्थानीय तहबाट वितरण हुने अनुदानबाट अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | म.ले.प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको नदेखिएकोले अनिवार्य सवै कर्मचारीहरुले भ्रमण प्रतिवेदन राख्नुपर्ने<br>सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ तर पालिकाले म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म.ले.प. फाराम २०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे ता पनि अद्यावधिक राखेको देखिएन।<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था बमोजिम गरेको देखिएन ।<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले नियमित रुपमा परिपालना गरेको देखिएन।<br>गाउँपालिकाले जनता उपचार कोष मार्फत १० लाख तथा वडा कार्यालय समेतले विभिन्न संघ संस्था मठ मन्दिर समिति आदि लाइ आर्थिक सहयोग भनी कुल रु ४२५०००/- वितरण गरेको देखिन्छ । यस किसिमको खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकालेजिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>लघु उद्यम विकास कार्यक्रम तर्फ पालिकाले निम्न अनुसारको सीपमुलक तालिम कार्यक्रम सञ्चालन गरेको छ । कुल ११७६४८४।०० खर्च भएकोमा उक्त कार्यक्रमबाट के कति स्वरोजगार बन्न सके सो को विवरण देखिएन । यस कार्यक्रमको प्रभावकारिता सम्बन्धमा निरन्तर समन्वय अनुगमन गरी सीपको सदुपयोग गराउने तर्फ निरन्तरताका कार्यक्रमहरु लक्षित हुनुपर्दछ । | |
| ८९.२ | | | नियमित गर्नुपर्ने वेरुजु — रकम<br>कर्मचारी कल्याण कोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कल्याण कोषमा रु. १०,००,००० ट्रान्सफर गरेको छ। पालिकाले उक्त कोषको संचालन सम्बन्धी कानुनी व्यवस्था गरेको देखिएन। यसरी कानुनको व्यवस्था नगरी कर्मचारीको योगदान विना अनुदान सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने आधार नदेखिएको — १०,००,००० | १,०६८,४५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (प्रथम संशोधन, २०७६ । ३ । ५) मा स्वकिय सचिव लाइ पारिश्रमिक दिने व्यवस्था छैन । गाउँपालिकाले मुक्तिनाथ घिमिरे लाई सम्झौता गरी सहायक पाँचौको तलबस्केत पाउने गरी पारिश्रमिक भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नभएको हुँदा उक्त खर्च नियमित नदेखिएको रु. ६८४५३</td><td>६८४५३</td></tr></table></td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। गाउँपालिकाले डोर समक्ष सम्परीक्षणको लागि अनुरोध भई आएन ।</td><td></td></tr>
</table>